# आर्थिक वर्ष २०८१/८२ को वार्षिक कार्ययोजना कार्यान्वयनको

# २०८१ पुस महिनासम्मको प्रगति

नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
(नतिजा व्यवस्थापन महाशाखा)
सिंहदरबार, काठमाडौं

# विषयसूची


१. पृष्ठभूमि.......... १

२. कार्यसम्पादन सूचकहरूको प्रगति स्थिति.......... ४

३. राजस्व सङ्कलन र खर्चसम्बन्धी प्रगति स्थिति .......... १६

  ३.१ राजस्व सङ्कलनको प्रगति स्थिति .......... १६

  ३.२ खर्चसम्वन्धी प्रगति स्थिति .......... १७

४. क्रियाकलाप तथा माइलस्टोनको प्रगति स्थिति .......... १८

  ४.१ क्रियाकलापको प्रगति स्थिति .......... १८

  ४.२ माइलस्टोनको प्रगति स्थिति .......... १९

५. क्षेत्रगत प्रगति स्थिति .......... २२

  ५.१ आर्थिक क्षेत्रको प्रगति स्थिति .......... २२

  ५.२ पूर्वाधार क्षेत्रको प्रगति स्थिति.......... २४

  ५.३ शासकीय सुधार क्षेत्रको प्रगति स्थिति .......... २७

  ५.४ सामाजिक क्षेत्रको प्रगति स्थिति .......... ३०

६. मन्त्रालय/ निकायगत माइलस्टोनको अर्धवार्षिक प्रगति .......... ३३

७. समस्या र कारणहरूको विश्लेषण .......... ३४

८. सुझावहरू.......... ३९

# १. पृष्ठभूमि

नेपाल सरकारको वार्षिक नीति तथा कार्यक्रम एवम् वार्षिक बजेटद्वारा निर्धारित कार्यक्रम तथा आयोजनाहरूलाई सम्बन्धित मन्त्रालय तथा निकायहरूबाट वार्षिक कार्ययोजना बनाई कार्यान्वयन गर्ने व्यवस्था गरिएको छ। मन्त्रालय तथा निकायहरूको कार्ययोजना तयार गर्दा सञ्चालन हुने क्रियाकलाप, उक्त क्रियाकलापसँग सम्बन्धित प्रक्रियागत तथा नतिजासमेतमा आधारित माइलस्टोन तथा सोको कार्यान्वयन पश्चात् मन्त्रालय/निकायहरूले आवधिक रूपमा हासिल गर्ने नतिजा सूचकहरूको खाकासमेत निर्धारण गरिएको छ। यसरी सम्पादित क्रियाकलाप तथा माइलस्टोनको प्रगति प्रतिवेदन गर्न एकीकृत अनलाइन अनुगमन प्रणाली कार्यान्वयनमा ल्याइएको र सोही प्रणालीमा प्राप्त विवरणहरूमा आधारित रही आवधिक रूपमा प्रगति प्रतिवेदन तयार गर्ने गरिएको छ।

यस प्रणालीले अनुगमन पद्धतिलाई नतिजामा आधारित बनाई लक्ष्य हासिल गर्न सघाउ पुऱ्याएको छ। साथै, कार्यसम्पादन गर्ने निकायहरूले विभिन्न निकायहरूमा छुट्टाछुट्टै गर्ने गरेको प्रतिवेदनसमेतलाई एउटै प्रणालीमार्फत् गर्न अनुगमन गर्ने निकायहरूले प्राप्त गर्ने सूचनामा एकरूपता कायम गर्न तथा यस्ता सूचना तथा प्रतिवेदनहरू सुरक्षित राखी दीर्घकालीन प्रयोगमा ल्याउन समेत सहयोग पुगेको छ। यसका अतिरिक्त कार्यसम्पादनको वस्तुगत जानकारी, कार्यसम्पादनमा देखिएका समस्या र त्यसको समाधानको उपायले प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट हुने अनुगमनको अनुगमन कार्यका साथै निर्णायक तहसम्म निर्णय निर्माणमा सहयोग पुगेको छ।

सम्माननीय राष्ट्रपतिज्यूबाट सङ्घीय संसदको दुवै सदनको संयुक्त बैठकलाई संवत् २०८१ साल जेठ १ गते गर्नु भएको नीति तथा कार्यक्रमको सम्बोधन तथा माननीय अर्थमन्त्रीज्यूबाट सङ्घीय संसदको संयुक्त बैठकमा प्रस्तुत आ.व. २०८१/८२ को वार्षिक बजेट तथा कार्यक्रमको आधारमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत सबै मन्त्रालयहरू, राष्ट्रिय योजना आयोग, लगानी बोर्डको कार्यालय, राष्ट्रिय सतर्कता केन्द्र, सार्वजनिक खरिद तथा अनुगमन कार्यालय, राष्ट्रिय तथ्याङ्क कार्यालय र चालु आर्थिक वर्षबाट अनुगमनका लागि थप गरिएको नेपाल ट्रष्टको कार्यालयसमेत गरी २८ वटा मन्त्रालय/निकायहरूको १,०१० क्रियाकलाप र १,९६१ माइलस्टोनका साथै प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसहित सबै मन्त्रालय र लगानी बोर्डको कार्यालय समेतका ३४४ वटा नतिजा सूचकहरूमा कार्ययोजनालाई व्यवस्थित गरी एकीकृत अनलाईन अनुगमन प्रणालीमा प्रविष्टि गरिएको थियो।

एकीकृत अनलाइन अनुगमन प्रणालीबाट अनुगमन गर्ने प्रयोजनका लागि माइलस्टोन तयार गर्दा मन्त्रालय स्वयम्ले स्वीकृत गरी लागु गर्ने निर्देशिका, कार्यविधि, मार्गदर्शन संशोधन र स्वीकृत, लागत अनुमान तयार, बोलपत्र आह्वान बाहेकका सूचना प्रकाशन, कुनै कार्य गर्न कार्यदल/समिति

गठन, ऐन, नियम, नीति, निर्देशिका, कार्यविधि, मापदण्ड, अध्ययन प्रतिवेदन आदिका मस्यौदा तयार, मन्त्रालयस्तरीय समीक्षा, कार्यशाला, सेमिनार, गोष्ठी, तालिम प्रदान गर्ने मुख्य कार्यक्षेत्र भएका निकायहरू बाहेक अन्य निकायहरूले प्रदान गर्ने कर्मचारीको क्षमता अभिवृद्धि तालिम, कर्मचारी प्रशासनसम्बन्धी कार्य, वैदेशिक सहायता प्रतिवद्धता प्राप्त नभएका एवम् स्रोत सुनिश्चितता प्राप्त नभएका जस्ता कार्यहरूलाई माइलस्टोनमा समावेश नगरी प्रक्रियागतभन्दा नतिजामूलक माइलस्टोनलाई प्राथमिकतामा राखिएको थियो। आर्थिक वर्ष २०८०/०८१ को कार्ययोजनामा कुल क्रियाकलाप १,६०० र माइलस्टोन ३,४२१ रहेकोमा सम्पादन गर्नुपर्ने कार्यको प्राथमिकता र नतिजासमेतलाई मध्यनजर गरी प्रक्रियागत रूपमा रहेका माइलस्टोनलाई हटाइएको र नतिजामा बढी केन्द्रित भएको हुँदा चालु आर्थिक वर्षमा क्रियाकलाप र माइलस्टोनको संख्या कम देखिएका छन्।

घोषित नीतिहरूको कार्यान्वयनका लागि नीतिहरूसँग सम्बन्धित क्रियाकलापलाई आवद्ध गर्ने एवम् समय सारिणीसहितको कार्ययोजना तयार गरी लागु गर्ने क्रममा आ.व. २०८१/८२ को वार्षिक कार्यान्वयन कार्ययोजना तयार गर्दा विभिन्न चरणमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, अर्थ मन्त्रालय, राष्ट्रिय योजना आयोग र सम्बन्धित मन्त्रालय तथा निकायको उपस्थितिमा आवश्यक छलफल गरी अन्तिम रूप प्रदान गरिएको थियो। यस क्रममा मन्त्रालय तथा निकायगत रूपमा तयार गरिएको वार्षिक बजेट कार्यान्वयन कार्ययोजनालाई आवधिक योजना, मध्यमकालीन खर्च संरचनासँगको तादात्म्यको विश्लेषण गरी एक आपसमा आवद्ध गर्ने प्रयास गरिएको थियो भने कार्ययोजना तर्जुमाका क्रममा यस कार्यालयबाट मन्त्रालयहरूलाई पठाइएको कार्ययोजना तर्जुमा मार्गदर्शन तथा अर्थ मन्त्रालयबाट जारी भएको बजेट कार्यान्वयन मार्गदर्शनलाई समेत प्रमुख आधारका रूपमा लिइएको थियो। उक्त मार्गदर्शनमा व्यवस्था भएबमोजिम मन्त्रालय तथा निकायहरूले कानुनी तयारीका रूपमा गर्नुपर्ने कार्यहरू नयाँ कार्यविधि, निर्देशिका तर्जुमा, विद्यमान कानुन संशोधन, आयोजना तथा क्रियाकलाप सञ्चालनको लागि बोलपत्र सूचना प्रकाशन, बोलपत्रको सम्झौताजस्ता माइलस्टोनको समय साधारणतः प्रथम त्रैमासिक अवधि निर्धारण गरी कार्यान्वयन प्रक्रिया अगाडि बढाउने गरी कार्यान्वयन कार्ययोजनालाई अन्तिम रूप प्रदान गरिएको थियो।

नेपाल सरकारको नीति तथा कार्यक्रमले निर्दिष्ट गरेका र बजेट वक्तव्यमा उल्लेख भएका विभिन्न मन्त्रालय अन्तर्गतका वार्षिक योजना तथा कार्यक्रमहरू निर्धारित समय, लागत र गुणस्तर अनुरूप सम्पन्न गरी अपेक्षित नतिजा हासिल गर्न सम्माननीय प्रधानमन्त्रीज्यू र माननीय मन्त्रीज्यूहरूबीच मिति २०८१/०५/२७ मा कार्यसम्पादन सम्झौतासमेत भएको थियो।

यस प्रतिवेदनमा मन्त्रालय/निकायहरूको क्रियाकलाप तथा माइलस्टोनको क्षेत्रगत प्रगति स्थिति एवम् चालु आर्थिक वर्षको पुस महिनासम्मको बजेट खर्चको स्थिति समेटिएको छ। प्रतिवेदनमा प्रस्तुत तथ्याङ्क एवम् विवरणहरू विषयगत मन्त्रालय/निकायहरूबाट एकीकृत अनलाईन प्रणालीमा प्रविष्टि गरिएका र महालेखा नियन्त्रक कार्यालयबाट प्रकाशित विवरणमा आधारित छन्।

एकीकृत अनलाइन अनुगमन प्रणालीमा प्रविष्ट गरिएको नीति तथा कार्यक्रम र बजेट कार्यान्वयनको लागि तर्जुमा गरिएको मन्त्रालय/निकायहरूको कार्ययोजना कार्यान्वयनको प्रगति अवस्थालाई विश्लेषण गर्न मन्त्रालय तथा निकायहरूलाई कार्यप्रकृतिका आधारमा ४ वटा प्रमुख क्षेत्रमा विभाजन गरिएको छ। प्रमुख क्षेत्र र ती क्षेत्र अन्तर्गत रहने मन्त्रालय/निकायहरू देहायअनुसार छन्।

क. **आर्थिक क्षेत्रः** यस क्षेत्र अन्तर्गत अर्थ मन्त्रालय, कृषि तथा पशुपन्छी विकास मन्त्रालय, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय, वन तथा वातावरण मन्त्रालय, भूमि व्यवस्था, सहकारी तथा गरिवी निवारण मन्त्रालय गरी ६ वटा मन्त्रालयहरू र लगानी बोर्डको कार्यालयसमेत गरी ७ वटा निकायहरू समावेश छन्।

ख. **पूर्वाधार क्षेत्रः** यस क्षेत्र अन्तर्गत भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय, ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय, शहरी विकास मन्त्रालय, खानेपानी मन्त्रालय र सञ्चार तथा सूचना प्रविधि मन्त्रालय गरी ५ वटा मन्त्रालयहरू समावेश छन्।

ग. **शासकीय सुधार क्षेत्रः** यस क्षेत्र अन्तर्गत प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, गृह मन्त्रालय, रक्षा मन्त्रालय, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालय, परराष्ट्र मन्त्रालय, राष्ट्रिय योजना आयोग, सार्वजनिक खरिद अनुगमन कार्यालय, राष्ट्रिय सतर्कता केन्द्र, राष्ट्रिय तथ्याङ्क कार्यालय र नेपाल ट्रष्टको कार्यालय गरी ११ वटा मन्त्रालय/निकायहरू समावेश छन्।

घ. **सामाजिक क्षेत्रः** यस क्षेत्र अन्तर्गत शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय, युवा तथा खेलकुद मन्त्रालय र श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय गरी ५ वटा मन्त्रालयहरू समावेश छन्।

## २. कार्यसम्पादन सूचकहरूको प्रगति स्थिति

- आर्थिक वर्ष २०८१/८२ का लागि प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसहित सबै मन्त्रालयहरू र लगानी बोर्डको कार्यालय समेतका ३४४ वटा प्रमुख कार्यसम्पादन सूचकहरू एकीकृत अनलाइन अनुगमन प्रणालीमा प्रविष्टि गरिएको थियो। पुस महिनासम्मका लागि २५३ वटा सूचकहरूको लक्ष्य निर्धारण गरिएकोमा १०३ सूचकहरूले लक्ष्य प्राप्त गरेका र १५० सूचकहरूले लक्ष्य प्राप्त गर्न नसकेको देखिएको छ। पुस महिनासम्ममा निश्चित लक्ष्य तोकिएका र प्रगति प्रविष्टि गरिएका केही प्रमुख कार्यसम्पादन सूचकहरूको प्रगति स्थिति देहाय बमोजिम रहेको छ।

**तालिका:१- प्रमुख कार्यसम्पादन सूचकको प्रगति स्थिति**

| क.सं. | सूचक | समीक्षा अवधि | इकाइ | २०८१ असारको स्थिति | ०८१/८२ को वार्षिक लक्ष्य | २०८१ पुससम्म को लक्ष्य | २०८१ पुससम्म को प्रगति | २०८१ साउनदेखि पुस-सम्मको प्रगति | मन्त्रालय /निकाय |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | हेलो सरकारमा प्राप्त उजुरी फछ्र्यौट (उजुरीकर्ताको पृष्ठपोषणसहित) | मासिक | प्रतिशत | ४८.५ | ५४ | ५१ | ५०.४२ | ५०.४२ | प्र.म.तथा म.प.का. |
| २ | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको नाममा आएको गुनासो फछ्र्यौट | मासिक | प्रतिशत | १०० | १०० | १०० | १०० | १०० | प्र.म.तथा म.प.का. |
| ३ | मन्त्रिपरिषद्को निर्णय कार्यान्वयन | मासिक | प्रतिशत | ९८.३४ | १०० | १०० | १०० | १०० | प्र.म.तथा म.प.का. |
| ४ | वैदेशिक सहायता प्राप्ति | मासिक | रू अर्ब | १३९ | २७० | १२६ | ४९.०९ | ४९.०९ | अर्थ |
| ५ | सङ्घीय पुँजीगत खर्च | मासिक | रू अर्ब | १९१.७४ | ३५२.३५ | ९३.३५ | ५६.९३ | ५६.९३ | अर्थ |
| ६ | राजस्व परिचालन (बाँडफाट हुने राजस्व समेत) | मासिक | रू अर्ब | १०८२.७५ | १४१९.३ | ६७७.७९ | ५६७.४ | ५६७.४ | अर्थ |
| ७ | औसत उपभोक्ता मुद्रास्फिति* | मासिक | प्रतिशत | ५.४४ | ५.५ | ५.५ | ५.४१ | ५.४१ | अर्थ |
| ८ | भुक्तानी सन्तुलन* | मासिक | रु अर्ब | ५०२.४९ | १५०.१८ | ७५.०७ | २४९.३ | २४९.३ | अर्थ |
| ९ | चालुखाता सन्तुलन* | मासिक | रु अर्ब | २२१.३४ | ६८.२७ | ३४.०४ | १४८.२ | १४८.२ | अर्थ |
| १० | विदेशी विनिमय सञ्चितिको न्यूनतम पर्याप्तता (वस्तु तथा सेवा)* | मासिक | महिना | १३ | ७ | ७ | १४.४ | १४.४ | अर्थ |

| क्र.सं. | सूचक | समीक्षा अवधि | इकाइ | २०८१ असारको स्थिति | ०८१/८२ को वार्षिक लक्ष्य | २०८१ पुससम्म को लक्ष्य | २०८१ पुससम्म को प्रगति | २०८१ साउनदेखि पुस-सम्मको प्रगति | मन्त्रालय /निकाय |
|---|---|---|---|---|---|---|---|---|---|
| ११ | बिमाको पहुँच विस्तार (दायरामा आएको जनसंख्या) | त्रैमासिक | प्रतिशत | ४४.४७ | ५.५३ | ४७ | ४५.५ | १.०३ | अर्थ |
| १२ | पुँजी बजारमा पहुँच (डिम्याट खाता) | त्रैमासिक | संख्या (लाख) | ६३.११ | ५.५ | ६५.९७ | ६५.४६ | २.३५ | अर्थ |
| १३ | बैंक तथा वित्तीय संस्थाबाट निक्षेप सङ्कलन | मासिक | रू अर्ब | ६२२५ | ८०५ | ६६२७ | ६६२४ | ३९९ | अर्थ |
| १४ | बैंक तथा वित्तीय संस्थाबाट कर्जा लगानी | मासिक | रू अर्ब | ५०४४ | ६८२ | ५३८० | ५२५२ | २०८ | अर्थ |
| १५ | साना किसान विकास लघुवित्त वित्तीय संस्थामा लगानी/ अनुदानबाट रोजगारी संख्या | त्रैमासिक | कार्यदिन (हजार) | १२० | १५ | १२७ | १२७ | ७ | अर्थ |
| १६ | २०८१ असार मसान्तसम्म कायम रहेको शोधभर्ना (रु. २८.५ अर्ब) प्राप्ति | मासिक | प्रतिशत | ३१.४ | १०० | ६० | ६६.१५ | ६६.१५ | अर्थ |
| १७ | ठूला, मझौला, साना, घरेलु एवं लघु उद्यमी सिर्जना कार्यक्रमबाट रोजगारी सिर्जना | त्रैमासिक | संख्या (प्रति हजार) | १६१ | १६९ | ७४ | १६.५४९ | १६.५४९ | उद्योग |
| १८ | कुल निकासी | मासिक | रू अर्ब | १५२.३८ | १६७.१२ | ८२.२३ | ९८.७९ | ९८.७९ | उद्योग |
| १९ | तोकिएको दुर्गम जिल्लामा खाद्यान्न ढुवानी | त्रैमासिक | मे.टन (हजार) | १८.८ | २० | ९.९५५ | ९.९५५ | ९.९५५ | उद्योग |
| २० | तोकिएको जिल्लामा आयोडिनयुक्त नुन ढुवानी | मासिक | क्विन्टल | ८६११२.७ | ८१६०० | २८५८० | ४७३७५ | ४७३७५ | उद्योग |
| २१ | राष्ट्रिय खाद्य सुरक्षा भण्डारमा खाद्यान्न मौज्दात | मासिक | मे.टन (हजार) | २५ | २५ | २५ | ११.८४६ | ११.८४६ | उद्योग |
| २२ | सार्क खाद्य बैंकमा खाद्यान्न मौज्दात | मासिक | मे.टन (हजार) | ८ | ८ | ८ | ८ | ८ | उद्योग |
| २३ | ठूला उद्योग दर्ता | मासिक | संख्या | १४१९ | ५५ | १४४६ | १४४३ | २४ | उद्योग |
| २४ | मझौला उद्योग दर्ता | मासिक | संख्या | २१३९ | ५० | २१६४ | २१५६ | १७ | उद्योग |
| २५ | उद्योगहरूमा वैदेशिक लगानी स्वीकृति | मासिक | रू अर्ब | ५११ | ४४ | १५ | २३.३९५ | २३.३९५ | उद्योग |
| २६ | बजार अनुगमन | मासिक | पटक | ३८५० | ४०२० | २०१० | २५६७ | २५६७ | उद्योग |

| क्र.सं. | सूचक | समीक्षा अवधि | इकाइ | २०८१ असारको स्थिति | ०८१/८२ को वार्षिक लक्ष्य | २०८१ पुससम्म को लक्ष्य | २०८१ पुससम्म को प्रगति | २०८१ साउनदेखि पुस-सम्मको प्रगति | मन्त्रालय /निकाय |
|---|---|---|---|---|---|---|---|---|---|
| २७ | कुल आयात | मासिक | रु अर्ब | १५९२.९८ | १५७१.६९ | ७५२.६७ | ८२२.३७ | ८२२.३७ | उद्योग |
| २८ | विद्युत जडित क्षमता | त्रैमासिक | मे.वा. | ३२४३ | १२५७ | ३८७८ | ३४०३ | १६० | ऊर्जा |
| २९ | ६६ के.भि. भन्दा बढी प्रसारण लाइन निर्माण | त्रैमासिक | सर्किट कि.मि. | ६४६२ | २१२८ | ७५२६ | ६६७२ | २१० | ऊर्जा |
| ३० | विद्युत निर्यात | त्रैमासिक | गिगावाट आवर | १९५१ | २१५० | १०७५ | २९०.५२२ | २९०.५२२ | ऊर्जा |
| ३१ | विद्युत आयात | त्रैमासिक | गिगावाट आवर | १८८९.९२ | १७००.१२ | २००.१२ | ७१.९९१ | ७१.९९१ | ऊर्जा |
| ३२ | सौर्य विद्युत उत्पादन क्षमता | त्रैमासिक | मे.वा. | ४९.६६ | २.३४ | ५०.८३ | ४९.८८ | ०.२२ | ऊर्जा |
| ३३ | लघु तथा साना जलविद्युत आयोजनावाट विद्युत उत्पादन | त्रैमासिक | मे.वा. | ४०.२५ | ०.७५ | ४०.६१ | ४०.४ | ०.१५ | ऊर्जा |
| ३४ | सिँचाइ सुविधा (सङ्घीयस्तर मात्र) | त्रैमासिक | हेक्टर | १५६९०३२ | २४००० | १५७३८०७ | १५७३५५९ | ४५२७ | ऊर्जा |
| ३५ | सिँचाइयोग्य भूमिमध्ये वर्षैभर सिँचाइ सुविधा पुगेको भूमि | त्रैमासिक | हेक्टर | ५२३०११ | ८००० | ५२४६०२ | ५२४५२० | १५०८.९९ | ऊर्जा |
| ३६ | भूमिगत सिँचाइ आयोजनाहरूबाट सिंचित क्षेत्रफल विस्तार | त्रैमासिक | हेक्टर | ५३७३४४ | १०००० | ५४००९४ | ५४०४८० | ३१३६ | ऊर्जा |
| ३७ | ठूला तथा मझौला नदीमा तटबन्ध निर्माण | त्रैमासिक | कि.मि. | १४२७.४९ | ३६ | १४३९.४९ | १४४७.८७ | २०.३८ | ऊर्जा |
| ३८ | लिफ्ट र जलाशय सिँचाइ कार्यक्रमबाट सिंचित क्षेत्रफल विस्तार | त्रैमासिक | हेक्टर | ३५८८ | ३०५५ | ४०६३ | ३८६४ | २७६ | ऊर्जा |
| ३९ | तटबन्ध निर्माणबाट जग्गा उकास | त्रैमासिक | हेक्टर | १३२०१.९ | १५० | १३२४६.९ | १३४३७.४ | २३५.५ | ऊर्जा |
| ४० | सतह सिँचाइ आयोजनाहरूबाट सिंचित क्षेत्रफल विस्तार | त्रैमासिक | हेक्टर | १०२८१०० | १०९४५ | १०२९६५० | १०२९१५५ | १०५५ | ऊर्जा |
| ४१ | कानुन, न्यायको क्षेत्रमा अध्ययन, अनुसन्धान | त्रैमासिक | वटा | ९ | ८ | ११ | ११ | २ | कानुन |

| क्र.सं. | सूचक | समीक्षा अवधि | इकाइ | २०८१ असारको स्थिति | ०८१/८२ को वार्षिक लक्ष्य | २०८१ पुससम्म को लक्ष्य | २०८१ पुससम्म को प्रगति | २०८१ साउनदेखि पुस-सम्मको प्रगति | मन्त्रालय /निकाय |
|---|---|---|---|---|---|---|---|---|---|
| ४२ | न्यायिक समितिको क्षमता अभिवृद्धि तथा गाउँसभा/नगरसभामा कानुन तर्जुमा तालिम | मासिक | पटक | २३ | २१ | ३३ | ३७ | १४ | कानुन |
| ४३ | निशुल्क कानुनी सहायता प्राप्त गर्ने व्यक्ति | मासिक | जना | ४७१० | ४५०० | २२५० | १९६४ | १९६४ | कानुन |
| ४४ | रासायनिक मल आपूर्ति | मासिक | मे.टन (हजार) | ४७१.३ | ५५० | २७० | २११.७३९ | २११.७३९ | कृषि |
| ४५ | किसान सूचीकरण | मासिक | संख्या (हजार) | १८०० | १२०० | २४०० | ११७० | १७० | कृषि |
| ४६ | दूध उत्पादन | त्रैमासिक | मे.टन (हजार) | २६१३ | २६४३ | १५०० | १३०७.५ | १३०७.५ | कृषि |
| ४७ | माछा उत्पादन | त्रैमासिक | मे.टन (हजार) | ११९ | १२४ | ४८ | ६२.५ | ६२.५ | कृषि |
| ४८ | मासु उत्पादन | त्रैमासिक | मे.टन (हजार) | ४३० | ४३४ | २४० | २१९ | २१९ | कृषि |
| ४९ | अण्डा उत्पादन | त्रैमासिक | गोटा (लाख) | १६०८० | १६३०० | ८२०० | ८००० | ८००० | कृषि |
| ५० | पशुपन्छीको संक्रामक रोगविरुद्धको खोप उत्पादन | त्रैमासिक | डोज (लाख) | ४४९ | ५०७ | १५० | १७५.४५९ | १७५.४५८५ | कृषि |
| ५१ | कृत्रिम गर्भाधान सेवा | मासिक | संख्या (हजार) | ६७४ | ७५० | ३८० | ३६९.८५ | ३६९.८५ | कृषि |
| ५२ | अन्नबालीको स्रोत बीउ उत्पादन | अर्ध वार्षिक | मे.टन. | ७५० | १०३९ | ५५० | २६४ | २६४ | कृषि |
| ५३ | आयातीत खाद्य वस्तुमा विषादी अवशेषको परीक्षण | मासिक | संख्या (हजार) | ६२ | ५१.५ | २६ | २९.३२ | २९.३२ | कृषि |
| ५४ | साना सिँचाइबाट सिँचित क्षेत्रफल | त्रैमासिक | हेक्टर | २८१८७ | ५०५० | १००० | ५०० | ५०० | कृषि |
| ५५ | एक घर एक धाराको नक्शाङ्कन भएका घर परिवार | त्रैमासिक | संख्या (हजार) | ८३० | १७० | ८९० | ८९० | ६० | खानेपानी |
| ५६ | आधारभूत सामाजिक सुरक्षामा आवद्ध जनसंख्या | त्रैमासिक | प्रतिशत | ३८.१८ | २.८ | ३८.७५ | ४० | १.८२ | गृह |
| ५७ | अपराधका घटनाको अनुसन्धान प्रतिशत | मासिक | प्रतिशत | ८५ | ८७ | ५१ | ७४.४ | ७४.४ | गृह |
| ५८ | पाँच वर्षमुनिका बालबालिकाको जन्म दर्ता | मासिक | प्रतिशत | ७४ | ३ | ७५.५ | ७७ | ३ | गृह |

| क्र.सं. | सूचक | समीक्षा अवधि | इकाइ | २०८१ असारको स्थिति | ०८१/८२ को वार्षिक लक्ष्य | २०८१ पुससम्म को लक्ष्य | २०८१ पुससम्म को प्रगति | २०८१ साउनदेखि पुस-सम्मको प्रगति | मन्त्रालय /निकाय |
|---|---|---|---|---|---|---|---|---|---|
| ५९ | राष्ट्रिय परिचयपत्र नम्बर (NIN) प्राप्त गरेका नेपाली नागरिक | त्रैमासिक | प्रतिशत | ६५ | १० | ६९ | ७५ | १० | गृह |
| ६० | सीपमूलक/रोजगारमूलक तालिम प्राप्त कैदी बन्दी | त्रैमासिक | प्रतिशत | १५ | ५ | १७ | १७ | २ | गृह |
| ६१ | नियोगमार्फत आर्थिक कूटनीतिका कार्यक्रमहरूको सञ्चालन | त्रैमासिक | संख्या | ३२० | २०० | १०० | १०० | १०० | परराष्ट्र |
| ६२ | द्विपक्षीय परामर्श संयन्त्रको बैठक आयोजना/सहभागिता | त्रैमासिक | संख्या | ८ | १० | ५ | १ | १ | परराष्ट्र |
| ६३ | विद्युतीय राहदानी वितरण | मासिक | संख्या (हजार) | ३४१० | १००० | ३८९० | ४०७७.२९ | ६६७.२८६ | परराष्ट्र |
| ६४ | कन्सुलर सेवा अन्तर्गत कागजात प्रमाणीकरण | मासिक | संख्या (हजार) | ४३० | ३५० | १७० | ३४९ | ३४९ | परराष्ट्र |
| ६५ | भू-उपयोग कार्यान्वयनका लागि प्राविधिक सहयोग प्रदान गरिएको स्थानीय तह | मासिक | संख्या | २७० | ४२ | २९० | ३०४ | ३४ | भूमि |
| ६६ | COPOMIS प्रणालीमा आवद्ध सहकारी | मासिक | संख्या (हजार) | १७.६९६ | १ | १८.२१६ | १८.३८३ | ०.६८७ | भूमि |
| ६७ | कालोपत्रे सडक (दुई लेन) | त्रैमासिक | कि.मि. | १८३६७ | ८०० | १८५१७ | १८५४८.४ | १८१.४२ | भौतिक |
| ६८ | कालोपत्रे सडक (चार लेन) | त्रैमासिक | कि.मि. | २२३ | १२० | २४८ | २४३.५८ | २०.५८ | भौतिक |
| ६९ | पुल निर्माण | मासिक | वटा | ३४१९ | १५० | ३४४९ | ३४४० | २१ | भौतिक |
| [illegible] | [illegible] | [illegible] | [illegible] | [illegible] | [illegible] | [illegible] | [illegible] | [illegible] | भौतिक |
| ७१ | सुरूङ निर्माण (मेन टनेल र ईभ्याकुएसन टनेल) | मासिक | मिटर | ५९६१.३ | ११०५.७ | ६८९५ | ७०२२.२ | १०६०.९ | भौतिक |
| ७२ | सवारी चालक अनुमति पत्र (स्मार्ट कार्ड) वितरण | मासिक | संख्या (लाख) | ३६.९१६६ | २७ | ४५.९१६६ | ३८.२७ | १.३५३४५ | भौतिक |
| ७३ | इम्बोस्ड नम्बर प्लेट उत्पादन | मासिक | संख्या (हजार) | ५८०.९५७ | १८४ | ६७०.९५७ | ५९९.८०१ | १८.८४४ | भौतिक |
| ७४ | माटे सडक (ट्र्याक निर्माण) | त्रैमासिक | कि.मि. | | १५० | ५० | ५९.९ | ५९.९ | भौतिक |

| क.सं. | सूचक | समीक्षा अवधि | इकाइ | २०८१ असारको स्थिति | ०८१/८२ को वार्षिक लक्ष्य | २०८१ पुससम्म को लक्ष्य | २०८१ पुससम्म को प्रगति | २०८१ साउनदेखि पुस-सम्मको प्रगति | मन्त्रालय /निकाय |
|---|---|---|---|---|---|---|---|---|---|
| ७५ | दुर्गम क्षेत्रमा ज्यान जोखिममा परेका गर्भवती तथा सुत्केरी महिलाहरूको हवाइउद्धार | त्रैमासिक | प्रतिशत | १०० | १०० | १०० | १०० | १०० | महिला |
| ७६ | परिवार तथा आफन्त नभएका बेवारिसे तथा असहाय बालबालिकाको बालगृहमा पुनर्स्थापना | त्रैमासिक | प्रतिशत | १०० | १०० | १०० | ३९.६४ | ३९.६४ | महिला |
| ७७ | हराएकामध्ये फेला परेका परिवार तथा आफन्त भएका बालबालिकाको पारिवारिक पुनर्मिलन | त्रैमासिक | प्रतिशत | १०० | १०० | १०० | ८४.०१ | ८४.०१ | महिला |
| ७८ | स्थानीय तहलाई महिला, बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्तिसम्बन्धी खण्डीकृत तथ्याङ्क सङ्कलन गर्ने सामाजिक सूचना व्यवस्थापन प्रणाली (SIMS) कार्यान्वयन सम्बन्धी अभिमूखिकरण गर्ने। | त्रैमासिक | वटा | ९० | ६० | १२० | १२० | ३० | महिला |
| ७९ | सडक बालबालिकाको उद्धार, पुनर्स्थापना, संरक्षण तथा व्यवस्थापन | त्रैमासिक | प्रतिशत | १०० | १०० | १०० | १०० | १०० | महिला |
| ८० | उद्यमशीलता तथा वित्तीय साक्षरता तालिम | मासिक | जना | ६५०० | १००० | ६९०० | ६७१० | २१० | युवा |
| ८१ | राष्ट्रियस्तरका खेलकुद प्रतियोगिताहरू आयोजना | मासिक | वटा | ८० | ८० | ३० | २१ | २१ | युवा |
| ८२ | काठमाडौं-तराई/मधेस द्रुतमार्ग सडक आयोजनाको समष्टिगत भौतिक प्रगति | मासिक | प्रतिशत | ३५.३८ | १५ | ४२.३८ | ३६.९६ | १.५८ | रक्षा |

| क्र.सं. | सूचक | समीक्षा अवधि | इकाइ | २०८१ असारको स्थिति | ०८१/८२ को वार्षिक लक्ष्य | २०८१ पुससम्म को लक्ष्य | २०८१ पुससम्म को प्रगति | २०८१ साउनदेखि पुस-सम्मको प्रगति | मन्त्रालय /निकाय |
|---|---|---|---|---|---|---|---|---|---|
| ८३ | कर्णाली कोरिडोर (लालिबगर-दुल्लिकुन्ना र घाटपारीचौर-वद्रीगाउँ-भुक्काखोला खण्ड) सडक आयोजनाको समष्टिगत भौतिक प्रगति | मासिक | कि.मि. | १३.५ | २.५ | १४.५४ | १४.२९ | ०.७९ | रक्षा |
| ८४ | कोशी कोरिडोर (च्यामताङ्ग-घोङ्गप्पा खण्ड) सडक आयोजनाको समष्टिगत भौतिक प्रगति | मासिक | कि.मि. | ८.५ | २.०१ | ९.५१ | ९.३१ | ०.८१ | रक्षा |
| ८५ | महाकाली कोरिडोर दार्चुला-टिङ्कर (तुषारपानी-टिङ्कर खण्ड) सडक आयोजनाको समष्टिगत भौतिक प्रगति | मासिक | कि.मि. | १३.४ | १.८ | १४.५१ | १३.८ | ०.४ | रक्षा |
| ८६ | वेनीघाट-आरुघाट-लार्केभन्ज्याङ्ग सडक आयोजनाको समष्टिगत भौतिक प्रगति | मासिक | कि.मि. | ३८ | २ | ३९.१४ | ३८.८६ | ०.८६ | रक्षा |
| ८७ | राष्ट्रिय प्रतिरक्षा विश्वविद्यालय (NDU) निर्माण कार्यको समष्टिगत भौतिक प्रगति | त्रैमासिक | प्रतिशत | १७.२२ | ५६.८२ | ३४.२ | २४.२१ | ६.९९ | रक्षा |
| ८८ | सामुदायिक विपद् प्रतिकार्य तालिम | त्रैमासिक | जना (हजार) | २७.६२५ | १६ | ३५.६०५ | ३१.६१५ | ३.९९ | रक्षा |
| ८९ | वन क्षेत्रबाट संकलित राजस्व रकम | मासिक | रू. अर्ब | ३ | ३.५ | १.३५ | १.१५ | १.१५ | वन |
| ९० | काठको उत्पादन | मासिक | क्यू.फिट (लाख) | ३०० | ३५० | १३० | १४७.३५ | १४७.३५ | वन |
| ९१ | उत्पादित काठ बिक्री | मासिक | क्यू.फिट (लाख) | ३०० | ३१० | १३५ | १५६.६ | १५६.६ | वन |
| ९२ | बिरुवा उत्पादन, खरिद, वितरण | त्रैमासिक | गोटा (हजार) | ३०००० | २०००० | ३००० | २३५९ | २३५९ | वन |

| क्र.सं. | सूचक | समीक्षा अवधि | इकाइ | २०८१ असारको स्थिति | ०८१/८२ को वार्षिक लक्ष्य | २०८१ पुससम्म को लक्ष्य | २०८१ पुससम्म को प्रगति | २०८१ साउनदेखि पुस-सम्मको प्रगति | मन्त्रालय /निकाय |
|---|---|---|---|---|---|---|---|---|---|
| ९३ | वन क्षेत्रबाट रोजगारी सिर्जना | त्रैमासिक | जना (हजार) | २७ | ४० | २० | १२.०१ | १२.०१ | वन |
| ९४ | दिगो व्यवस्थापन भएको वनको क्षेत्रफल | अर्ध वार्षिक | हेक्टर (हजार) | ९० | १०० | १८५ | १९१.०७ | १०१.०७ | वन |
| ९५ | वृक्षारोपण क्षेत्रफल | त्रैमासिक | हेक्टर | ३००० | ३००० | ३५ | ११०.७८ | ११०.७८ | वन |
| ९६ | घाँसे मैदान व्यवस्थापन | त्रैमासिक | हेक्टर | १०३३ | १४०० | ५०० | १५४.४९ | १५४.४९ | वन |
| ९७ | पानी मुहान, पोखरी संरक्षण र सीमसार क्षेत्र व्यवस्थापन | त्रैमासिक | संख्या | २७५ | ३५० | १०० | १२५ | १२५ | वन |
| ९८ | गल्छी/खहरे/पहिरो नियन्त्रण तथा रोकथाम | त्रैमासिक | संख्या | २५० | ५५० | १५० | १८९ | १८९ | वन |
| ९९ | शहरी हरित उद्यान निर्माण तथा व्यवस्थापन | त्रैमासिक | संख्या | ९० | ९० | ११० | १४३ | ५३ | वन |
| १०० | वातावरणीय परीक्षण | त्रैमासिक | संख्या | १० | १० | ४ | ५ | ५ | वन |
| १०१ | उद्योग प्रतिष्ठानको वातावरण प्रदूषण सम्बन्धी अनुगमन एवं निरीक्षण | त्रैमासिक | संख्या | ९५ | १०० | ३० | ४४ | ४४ | वन |
| १०२ | वातावरणीय प्रदूषण रोकथाम तथा नियन्त्रणको लागि नदीनाला, तालतलैयाको पानी तथा उद्योग, कलकारखानाबाट निष्कासित फोहोर पानी लगायतका नमुना सङ्कलन तथा विश्लेषण | त्रैमासिक | संख्या | ७० | ७५ | ४५ | ४७ | ४७ | वन |
| १०३ | आप्रवासी स्रोत केन्द्र/उपकेन्द्र स्थापना र व्यवस्थापन | मासिक | जिल्ला संख्या | ४२ | ३५ | ५७ | ५७ | १५ | श्रम |
| १०४ | सूचीकृत बेरोजगारमध्ये रोजगार सहायता कार्यक्रमबाट रोजगार पाउने व्यक्ति | मासिक | संख्या (हजार) | ५८.१२२ | ६० | २० | १.३०९ | १.३०९ | श्रम |

| क.सं. | सूचक | समीक्षा अवधि | इकाइ | २०८१ असारको स्थिति | ०८१/८२ को वार्षिक लक्ष्य | २०८१ पुससम्म को लक्ष्य | २०८१ पुससम्म को प्रगति | २०८१ साउनदेखि पुस-सम्मको प्रगति | मन्त्रालय /निकाय |
|---|---|---|---|---|---|---|---|---|---|
| १०५ | पुनःएकीकरण कार्यक्रमबाट लाभान्वित व्यक्तिको संख्या | मासिक | संख्या (हजार) | ४ | १ | ४.६ | ४.७ | ०.७ | श्रम |
| १०६ | वैदेशिक रोजगारमा जाने सीपयुक्त संख्या | मासिक | प्रतिशत | ० | ८० | ३० | ६९.४२ | ६९.४२ | श्रम |
| १०७ | सामाजिक सुरक्षा योजनामा समावेश हुने प्रतिष्ठान/रोजगारदाता को संख्या | मासिक | संख्या (हजार) | १९.२०४ | १०.७९६ | २२.५ | २०.००१ | ०.७९७ | श्रम |
| १०८ | सामाजिक सुरक्षा कोषमा आवद्ध लाभग्राहीको संख्या | मासिक | संख्या (हजार) | १४८८ | १०१२ | १७५० | १९२७.९९ | ४३९.९८९ | श्रम |
| १०९ | पर्यटक आगमन | त्रैमासिक | संख्या (लाख) | ११.१७ | १६ | ७.६५०३२ | ५.६४५३७ | ५.६४५३७ | संस्कृति |
| ११० | ग्रेट हिमालयन ट्रेल निर्माण | त्रैमासिक | कि.मि. | ५६५ | २५ | ५७१ | ५७५ | १० | संस्कृति |
| १११ | पर्यटन क्षेत्रको शैक्षिक/तालिम प्राप्त जनशक्ति | त्रैमासिक | संख्या (हजार) | १३.८५३ | १४.५ | ७ | २.९ | २.९ | संस्कृति |
| ११२ | पोखरा क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थलबाट हुने अन्तर्राष्ट्रिय उडान संख्या | मासिक | संख्या | ५ | ५ | २ | १० | १० | संस्कृति |
| ११३ | गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थलबाट हुने अन्तर्राष्ट्रिय उडान संख्या | मासिक | संख्या | १२० | १५० | ५५ | २५० | २५० | संस्कृति |
| ११४ | प्रतिलिपि अधिकार संरक्षण दर्ता | मासिक | संख्या | २७९६ | २०४ | २८७६ | २८४७ | ५१ | संस्कृति |
| ११५ | अभिलेखको डिजिटाइजेसन | मासिक | संख्या (हजार) | ६०० | ६०० | ९०० | ८९० | २९० | संस्कृति |
| ११६ | पर्यटक स्तरको तारेहोटलमा उपलब्ध वेड संख्या | त्रैमासिक | संख्या (हजार) | १८.९०७ | १.०९३ | १९.४ | १९.४६३ | ०.५५६ | संस्कृति |
| ११७ | स्थानीय तहको मध्यमकालीन खर्च संरचना तर्जुमामा सहजीकरण र पृष्ठपोषण | त्रैमासिक | स्थानीय तह | १२५ | १०० | ४० | ६२ | ६२ | सङ्घीय मामिला |


| क.सं. | सूचक | समीक्षा अवधि | इकाइ | २०८१ असारको स्थिति | ०८१/८२ को वार्षिक लक्ष्य | २०८१ पुससम्म को लक्ष्य | २०८१ पुससम्म को प्रगति | २०८१ साउनदेखि पुस-सम्मको प्रगति | मन्त्रालय /निकाय |
|---|---|---|---|---|---|---|---|---|---|
| ११८ | कर्मचारी प्रशिक्षण/तालिम (अधिकृत स्तर) (थप) | त्रैमासिक | जना | २३५४ | २२०० | ११०० | ७६४ | ७६४ | सङ्घीय मामिला |
| ११९ | सेवाग्राही सन्तुष्टि सर्वेक्षण | त्रैमासिक | कार्यालय | १६ | २० | १० | ७ | ७ | सङ्घीय मामिला |
| १२० | कर्मचारी सेवाकालीन तालिम (राजपत्र अनंकित तथा स्थानीय तहका अधिकृत समेत) | त्रैमासिक | जना | ७४१ | ४८० | २४० | ३७० | ३७० | सङ्घीय मामिला |
| १२१ | निजामती अस्पताल-बाट औसत प्रतिदिन बहिरंग सेवा प्रदान | मासिक | जना | ९०८ | १००५ | १००५ | ९५७ | ९५७ | सङ्घीय मामिला |
| १२२ | व्यवस्थापन परीक्षण गरिएका निकाय | त्रैमासिक | निकाय संख्या | १६ | ३० | १५ | ९ | ९ | सङ्घीय मामिला |
| १२३ | रेडियोको राष्ट्रिय पहुँच | अर्ध वार्षिक | प्रतिशत | ९३ | २ | ९४ | ९४ | १ | सञ्चार |
| १२४ | २४ कोर माथिको अप्टिकल फाइवर विस्तार | मासिक | कि.मि. | १५००० | ३००० | १६५०० | १७१५० | २१५० | सञ्चार |
| १२५ | फिक्स ब्रोडव्याण्ड सेवा विस्तार | मासिक | प्रतिशत | ४३ | ३ | ४४.५ | ४४.७२ | १.७२ | सञ्चार |
| १२६ | मोबाइल सेवा विस्तार | त्रैमासिक | प्रतिशत | ९७ | १ | ९७.५ | १०१.९ | ४.९ | सञ्चार |
| १२७ | FTTH सेवा विस्तार | अर्ध वार्षिक | जिल्ला संख्या | ७६ | १ | ७७ | ७७ | १ | सञ्चार |
| १२८ | नागरिक एपमा आवद्ध सरकारी सेवा | त्रैमासिक | संख्या | ६२ | ८ | ६६ | ६४ | २ | सञ्चार |
| १२९ | फोर जी/एल.टी.ई. सेवा विस्तार | त्रैमासिक | प्रतिशत | ७० | १० | ७४ | ८९.५८ | १९.५८ | सञ्चार |
| १३० | GIOMS लागु भएका सरकारी कार्यालय | मासिक | संख्या | ५८ | ५२ | ८५ | १०० | ४२ | सञ्चार |
| १३१ | रेडियो नेपालबाट प्रसारण हुने समावेशी कार्यक्रम | त्रैमासिक | संख्या | २४ | १ | २५ | २५ | १ | सञ्चार |
| १३२ | गोरखापत्र संस्थानबाट प्रकाशन हुने समावेशी कार्यक्रम | त्रैमासिक | संख्या | ४३ | २ | ४५ | ४५ | २ | सञ्चार |
| १३३ | निर्माण भएका सुरक्षित नागरिक आवास | त्रैमासिक | वटा (हजार) | ८१ | ५ | ८२ | ८७ | ६ | शहरी |

| क.सं. | सूचक | समीक्षा अवधि | इकाइ | २०८१ असारको स्थिति | ०८१/८२ को वार्षिक लक्ष्य | २०८१ पुससम्म को लक्ष्य | २०८१ पुससम्म को प्रगति | २०८१ साउनदेखि पुस-सम्मको प्रगति | मन्त्रालय /निकाय |
|---|---|---|---|---|---|---|---|---|---|
| १३४ | शहरी सडक निर्माण तथा स्तरोन्नति | त्रैमासिक | कि.मि. | ३५०० | २५० | ३५२५ | ३६५३.७३ | १५३.७३ | शहरी |
| १३५ | निर्माण भएका ग्रामीण कालोपत्रे सडक | त्रैमासिक | कि.मि. | ४८१५ | ८५ | ४८३५ | ४८२२ | ७ | शहरी |
| १३६ | निर्माण भएका स्थानीय सडक पुल | त्रैमासिक | संख्या | ७०० | ३० | ७०८ | ७०३ | ३ | शहरी |
| १३७ | निर्माण भएका झोलुंगे पुल | त्रैमासिक | संख्या | १०७५० | ३०० | १०८३० | १०८७४ | १२४ | शहरी |
| १३८ | निर्माण भएका स्थानीय तहको प्रशासकीय भवन | त्रैमासिक | संख्या | ३१२ | ६८ | ३२७ | ३४६ | ३४ | शहरी |
| १३९ | साना सिँचाइबाट सिँचित क्षेत्रफल | त्रैमासिक | हेक्टर (हजार) | २७२०० | २८०० | २८००० | २७४३९ | २३९ | शहरी |
| १४० | स्वास्थ्य संस्थाबाट प्रसुति सेवा लिने महिला | मासिक | प्रतिशत | ७५ | ८० | ४६.७ | ३५ | ३५ | स्वास्थ्य |
| १४१ | चौथो पटकसम्म गर्भवती जाँच गर्ने महिला | मासिक | प्रतिशत | ८५ | ९० | ४५ | ४१ | ४१ | स्वास्थ्य |
| १४२ | दक्ष स्वास्थ्यकर्मीद्धारा प्रसुति सेवा प्राप्त गर्ने महिला | मासिक | प्रतिशत | ७० | ८० | ४० | ३५ | ३५ | स्वास्थ्य |
| १४३ | तोकिए बमोजिम सबै खोप प्राप्त बालबालिका | मासिक | प्रतिशत | ९० | ९५ | ४८ | ३८ | ३८ | स्वास्थ्य |
| १४४ | क्षयरोग Case Notification Rate प्रति १ लाख जनसंख्या | मासिक | जना | १३३ | १३० | ६५ | ५६ | ५६ | स्वास्थ्य |
| १४५ | क्षयरोग उपचार सफलता दर | त्रैमासिक | प्रतिशत | ९२ | ९५ | ९३ | ८९ | ८९ | स्वास्थ्य |
| १४६ | आयुर्वेद सेवा प्राप्त गर्ने जनसंख्या | मासिक | जना (हजार) | २१०० | २४०० | १२०० | ८९३ | ८९३ | स्वास्थ्य |
| १४७ | निःशुल्क मिर्गौला प्रत्यारोपण भएका व्यक्ति | त्रैमासिक | जना | २८० | ४०० | २०० | १५३ | १५३ | स्वास्थ्य |
| १४८ | निःशुल्क मुटु रोग उपचार पाएका व्यक्ति | त्रैमासिक | जना (हजार) | ६ | ७ | ३.५ | ३.९६८ | ३.९६८ | स्वास्थ्य |
| १४९ | स्वास्थ्य बिमामा आबद्ध जनसंख्या | त्रैमासिक | प्रतिशत | २८ | ३२ | ४० | २९.७ | १.७ | स्वास्थ्य |
| १५० | आधारभूत अस्पताल सञ्चालन भएका स्थानीय तह | त्रैमासिक | संख्या | २८ | ७२ | ५० | १६९ | १४१ | स्वास्थ्य |

| क.सं. | सूचक | समीक्षा अवधि | इकाइ | २०८१ असारको स्थिति | ०८१/८२ को वार्षिक लक्ष्य | २०८१ पुससम्म को लक्ष्य | २०८१ पुससम्म को प्रगति | २०८१ साउनदेखि पुस-सम्मको प्रगति | मन्त्रालय /निकाय |
|---|---|---|---|---|---|---|---|---|---|
| १५१ | चिकित्सक कार्यरत स्थानीय तह | त्रैमासिक | स्थानीय तह | | ४०० | २५० | २८२ | २८२ | स्वास्थ्य |
| १५२ | परियोजना पहिचान नोट (PIN) तयार | त्रैमासिक | संख्या | ० | १० | ५ | ५ | ५ | लगानी बोर्ड |
| १५३ | लगानी स्वीकृति | त्रैमासिक | रू. अर्ब | ० | १०० | ४० | ५० | ५० | लगानी बोर्ड |

नोट: *नेपाल राष्ट्र बैंकबाट प्रकाशित पुस महिनासम्मको आर्थिक तथा वित्तीय स्थिति प्रतिवेदन अनुसार*

- महालेखा नियन्त्रक कार्यालयबाट प्रकाशित विवरण अनुसार २०८१ पुस महिनासम्म नेपाल सरकारको कुल पुँजीगत खर्चको प्रगति १६.१६ प्रतिशत रहेकोमा उक्त राष्ट्रिय औसतभन्दा बढी पुँजीगत खर्च गर्ने मन्त्रालयहरूमा गृह, भौतिक पूर्वाधार तथा यातायात, भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण, कृषि तथा पशुपन्छी विकास, ऊर्जा, जलस्रोत तथा सिंचाइ र परराष्ट्र मन्त्रालय गरी ६ वटा मन्त्रालय रहेका छन् भने प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसहित १६ वटा मन्त्रालयको पुँजीगत खर्च राष्ट्रिय औसतभन्दा कम भएको देखिएको छ।



# ३. राजस्व सङ्कलन र खर्चसम्बन्धी प्रगति स्थिति

## ३.१ राजस्व सङ्कलनको प्रगति स्थिति


महालेखा नियन्त्रक कार्यालयबाट प्रकाशित विवरणअनुसार २०८१ पुस मसान्तसम्ममा वार्षिक कर राजस्व लक्ष्यको ३८.११ प्रतिशत, वार्षिक गैरकर राजस्व लक्ष्यको ५१.९७ प्रतिशत र कुल राजस्व लक्ष्यको ३९.४३ प्रतिशत सङ्कलन भएको छ।

तालिकाः२- राजस्व सङ्कलनको प्रगति स्थिति (रू. अर्बमा)

| राजस्व | वार्षिक लक्ष्य | २०८१ पुस मसान्तसम्म सङ्कलित राजस्व | प्रगति प्रतिशत |
|---|---|---|---|
| कर राजस्व | १२८४.२०९६ | ४८९.३९९२ | ३८.११ |
| गैरकर राजस्व | १३५.०९३४ | ७०.२०८२ | ५१.९७ |
| कुल | १४१९.३०३० | ५५९.६०७४ | ३९.४३ |

विगत २ वर्षमा वार्षिक लक्ष्यको आधारमा २०८१ पुस महिनासम्म भएको राजस्व सङ्कलनको अध्ययन गर्दा २०८० पुस महिनासम्ममा कर राजस्व लक्ष्यको ३३.९८ प्रतिशत र गैरकर राजस्व लक्ष्यको ४५.२३ प्रतिशत गरी कुल राजस्व लक्ष्यको ३४.९ प्रतिशत सङ्कलन भएको थियो भने २०७९ पुस महिनासम्ममा कर राजस्व लक्ष्यको ३१.२९ प्रतिशत र गैरकर राजस्व लक्ष्यको ४९.८४ प्रतिशत गरी लक्ष्यको कुल राजस्व लक्ष्यको ३२.७१ प्रतिशत सङ्कलन भएको थियो।

लेखाचित्रः १ - लक्ष्यको तुलनामा राजस्व सङ्कलन (प्रतिशत)



## ३.२ खर्चसम्बन्धी प्रगति स्थिति


महालेखा नियन्त्रक कार्यालयबाट प्रकाशित विवरणअनुसार नेपाल सरकारद्वारा विनियोजित कुल बजेटमध्ये चालु आर्थिक वर्षको पुस मसान्तसम्ममा ३५.८९ प्रतिशत खर्च भएको छ। यसमध्ये चालुतर्फ ३९.६३ प्रतिशत, पुँजीगततर्फ १६.१६ प्रतिशत तथा वित्तीय व्यवस्थातर्फ ४३.२० प्रतिशत खर्च भएको छ।

तालिकाः३- सरकारी खर्चको प्रगति स्थिति (रू. अर्बमा)

| विषय | चालु | पुँजीगत | वित्तीय | कुल |
|---|---|---|---|---|
| कुल बजेट | ११४०.६६४५ | ३५२.३५४० | ३६७.२८४५ | १८६०.३०३० |
| २०८१ पुससम्मको खर्च | ४५२.००३० | ५६.९३५० | १५८.६६३९ | ६६७.६०१९ |
| खर्च प्रतिशत | ३९.६३ | १६.१६ | ४३.२० | ३५.८९ |

विगत २ वर्षमा वार्षिक विनियोजनका आधारमा प्रथम अर्धवार्षिक अवधिसम्म भएको सरकारी खर्च अध्ययन गर्दा २०८० पुस महिनासम्म चालुतर्फ ३८.३१ प्रतिशत, पुँजीगततर्फ १६.३ प्रतिशत तथा वित्तीय व्यवस्थातर्फ २६.०२ प्रतिशत गरी कुल ३२.३५ प्रतिशत खर्च भएको थियो। त्यसैगरी, २०७९ पुस महिनासम्ममा चालुतर्फ ३८.४६ प्रतिशत, पुँजीगततर्फ १४.०५ प्रतिशत तथा वित्तीय व्यवस्थातर्फ २९.४४ प्रतिशत गरी कुल ३२.१३ प्रतिशत खर्च भएको थियो।

लेखाचित्रः २ - लक्ष्यको तुलनामा कुल खर्च (प्रतिशत)




# ४. क्रियाकलाप तथा माइलस्टोनको प्रगति स्थिति

## ४.१ क्रियाकलापको प्रगति स्थिति

आ.व. २०८१/०८२ का लागि विभिन्न २८ वटा निकायहरूको कार्ययोजनामा समावेश भएका कुल १,०१० वटा क्रियाकलापमध्ये २०८१ पुस मसान्तसम्ममा ४.२ प्रतिशत क्रियाकलाप सम्पन्न भएका छन्। आ.व. २०८०/०८१ मा यस्तो प्रतिशत ८.५ र आ.व. २०७९/०८० मा ११.२ रहेको थियो। पुस मसान्तसम्म सम्पन्न हुनुपर्ने गरी निर्धारित १५७ वटा क्रियाकलापमध्ये यस अवधिसम्ममा १७.२ प्रतिशत सम्पन्न, ७९.६ प्रतिशत चालु र ३.२ प्रतिशत सुरु हुन नसकेको देखिएको छ।

लेखाचित्रः ३- पुस महिनासम्म सम्पन्न हुनुपर्ने क्रियाकलापको प्रगति स्थिति




सम्पन्न हुनुपर्ने क्रियाकलापको प्रगति स्थिति क्षेत्रगत रूपमा हेर्दा आर्थिक क्षेत्रको सबैभन्दा बढी २९.३ प्रतिशत सम्पन्न भएको देखिन्छ भने सबैभन्दा कम सामाजिक क्षेत्रको ५.१ प्रतिशत क्रियाकलाप सम्पन्न भएको देखिएको छ।


तालिकाः४- क्रियाकलापको प्रगति स्थिति

| क्षेत्र | कुल क्रियाकलाप | २०८१ पुस महिनासम्म | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | सम्पन्न हुनुपर्ने | सम्पन्न | | चालु | | सुरु नभएका | |
| | | | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत |
| आर्थिक | २७७ | ४१ | १२ | २९.३ | २८ | ६८.३ | १ | २.४ |
| पूर्वाधार | ३४७ | ३८ | ५ | १३.२ | ३२ | ८४.२ | १ | २.६ |
| शासकीय सुधार | २३४ | ३९ | ८ | २०.५ | २८ | ७१.८ | ३ | ७.७ |
| सामाजिक | १५२ | ३९ | २ | ५.१ | ३७ | ९४.९ | ० | ०.० |
| कुल | १०१० | १५७ | २७ | १७.२ | १२५ | ७९.६ | ५ | ३.२ |

## ४.२ माइलस्टोनको प्रगति स्थिति


आर्थिक वर्ष २०८१/८२ का लागि निर्धारित कुल १,९६१ वटा माइलस्टोनमध्ये पुस महिनासम्ममा १५.६ प्रतिशत माइलस्टोन सम्पन्न भएका छन्। पुस महिनासम्म सम्पन्न हुनुपर्ने गरी लक्ष्य निर्धारण गरिएका ६५१ वटा माइलस्टोनमध्ये ४६.९ प्रतिशत सम्पन्न, ४२.१ प्रतिशत चालु र ११ प्रतिशत सुरु नभएको अवस्थामा देखिएका छन्।

लेखाचित्रः ४- पुस महिनासम्म सम्पन्न हुनुपर्ने माइलस्टोनको प्रगति स्थिति




पुस महिनाभित्र सम्पन्न हुनुपर्ने विगत ३ वर्षको माइलस्टोनको प्रगति स्थिति तुलना गर्दा विगत वर्षहरूकोभन्दा माइलस्टोन सम्पन्न प्रतिशत बढ्दो क्रममा देखिएको र चालु अवस्थामा रहेका माइलस्टोन घट्दो क्रममा रहेको देखिएको छ। त्यसैगरी, सम्पन्न हुनुपर्नेमध्ये कार्य सुरू नभएका माइलस्टोन गतवर्षभन्दा घटेको देखिएको छ।

लेखाचित्रः ५- सम्पन्न हुनुपर्ने माइलस्टोनको तुलना (प्रतिशत)




पुस महिनाभित्र सम्पन्न हुनुपर्ने माइलस्टोनको प्रगति स्थिति क्षेत्रगत रूपमा विश्लेषण गर्दा शासकीय सुधार क्षेत्रको सबैभन्दा धेरै ५६.२ प्रतिशत माइलस्टोन सम्पन्न भएका छन् भने सबैभन्दा कम सामाजिक क्षेत्रको ३९.१ प्रतिशत सम्पन्न भएका छन्। सामाजिक क्षेत्रको १३.२ प्रतिशत र शासकीय सुधार क्षेत्रको १२.३ प्रतिशत माइलस्टोन सुरु नै हुन सकेका छैनन्।

तालिकाः ६- सम्पन्न हुनुपर्ने माइलस्टोनको क्षेत्रगत प्रगति स्थिति

| क्षेत्र | कुल माइलस्टोन | २०८१ पुस महिनाभित्र | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | सम्पन्न हुनुपर्ने | सम्पन्न | | चालु | | सुरु नभएका | |
| | | | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत |
| आर्थिक | ५३२ | १६० | ८२ | ५१.३ | ६१ | ३८.१ | १७ | १०.६ |
| पूर्वाधार | ६५२ | १७८ | ७३ | ४१.० | ९०.० | ५०.६ | १५ | ८.४ |
| शासकीय सुधार | ४६४ | १६२ | ९१ | ५६.२ | ५१ | ३१.५ | २० | १२.३ |
| सामाजिक | ३१३ | १५१ | ५९ | ३९.१ | ७२ | ४७.७ | २० | १३.२ |
| कुल | १९६१ | ६५१ | ३०५ | ४६.९ | २७४ | ४२.१ | ७२ | ११.० |

त्यसैगरी, पुस महिनासम्ममा प्रारम्भ भई क्रमशः निश्चित लक्ष्य हासिल गर्दै पछाडिको महिनामा सम्पन्न हुने भनी निर्धारण गरिएका ६२१ माइलस्टोनमध्ये ५५.६ प्रतिशत लक्ष्य प्राप्त भएका, ३९.९ प्रतिशत लक्ष्य प्राप्त नभएका र ४.५ प्रतिशत सुरु हुन सकेका छैनन्।

लेखाचित्रः ६- पुस महिनाभित्र सुरु हुनुपर्ने माइलस्टोनको प्रगति स्थिति



पुस महिनाभित्र सुरु भई निश्चित लक्ष्य हासिल गरी पछिल्लो महिनामा सम्पन्न हुनुपर्ने ६२१ वटा माइलस्टोनको प्रगति क्षेत्रगत रूपमा विश्लेषण गर्दा पूर्वाधार क्षेत्रको सबैभन्दा बढी ६१.१ प्रतिशत र सामाजिक क्षेत्रको सबैभन्दा कम ४२.६ प्रतिशत माइलस्टोनले लक्ष्य प्राप्त गरेको देखिन्छ।

तालिकाः ७- पुस महिनाभित्र सुरु भई निश्चित लक्ष्य हासिल हुनुपर्ने माइलस्टोनको प्रगति स्थिति

| क्षेत्र | कुल माइलस्टोन | २०८१ पुस महिनाभित्र | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | सुरु हुनुपर्ने | लक्ष्य प्राप्त भएका | | लक्ष्य प्राप्त नभएका | | सुरु नभएका | |
| | | | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत |
| आर्थिक | ५३२ | १७२ | ८४ | ४८.८ | ८१ | ४७.१ | ७ | ४.१ |
| पूर्वाधार | ६५२ | २२६ | १३८ | ६१.१ | ७७ | ३४.१ | ११ | ४.९ |
| शासकीय सुधार | ४६४ | १६२ | ९७ | ५९.९ | ५७ | ३५.२ | ८ | ४.९ |
| सामाजिक | ३१३ | ६१ | २६ | ४२.६ | ३३ | ५४.१ | २ | ३.३ |
| कुल | १९६१ | ६२१ | ३४५ | ५५.६ | २४८ | ३९.९ | २८ | ४.५ |

# ५. क्षेत्रगत प्रगति स्थिति

## ५.१ आर्थिक क्षेत्रको प्रगति स्थिति

### ५.१.१ आर्थिक क्षेत्रका क्रियाकलापको प्रगति स्थिति

यस क्षेत्रसँग सम्बन्धित मन्त्रालय/निकायहरूको २०८१ पुस महिनाभित्र सम्पन्न हुनुपर्ने ४१ वटा क्रियाकलापहरूको प्रगति स्थिति हेर्दा २९.३ प्रतिशत सम्पन्न, ६८.३ प्रतिशत चालु अवस्थामा रहेको र २.४ प्रतिशत कार्य सुरु नभएको देखिएको छ। क्रियाकलाप सम्पादनको तुलना गर्दा संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयको समीक्षा अवधिमा सम्पन्न हुनुपर्ने क्रियाकलाप एउटा रहेकोमा लक्ष्य बमोजिम शतप्रतिशत सम्पन्न भएको देखिएको छ भने कृषि तथा पशुपन्छी विकास मन्त्रालय, लगानी बोर्डको कार्यालय र भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयको सम्पन्न प्रतिशत शून्य देखिएको छ।

तालिकाः ८- क्रियाकलापको प्रगतिस्थितिः आर्थिक क्षेत्र

| क.सं. | मन्त्रालय/निकाय | कुल क्रियाकलाप | पुस महिनासम्म सम्पन्न हुनुपर्ने | सम्पन्न | | चालु | | कार्य सुरु नभएका | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत |
| १ | संस्कृति, पर्यटन तथा नागरिक उड्डयन | ३३ | १ | १ | १००.० | ० | ०.० | ० | ०.० |
| २ | उद्योग, वाणिज्य तथा आपूर्ति | ३६ | ६ | ३ | ५०.० | ३ | ५०.० | ० | ०.० |
| ३ | वन तथा वातावरण | ४३ | ३ | १ | ३३.३ | २ | ६६.७ | ० | ०.० |
| ४ | अर्थ | ७७ | २४ | ७ | २९.२ | १७ | ७०.८ | ० | ०.० |
| ५ | भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण | २४ | २ | ० | ०.० | २ | १००.० | ० | ०.० |
| ६ | लगानी बोर्डको कार्यालय | १३ | १ | ० | ०.० | १ | १००.० | ० | ०.० |
| ७ | कृषि तथा पशुपन्छी विकास | ५१ | ४ | ० | ०.० | ३ | ७५.० | १ | २५.० |
| | कुल | २७७ | ४१ | १२ | २९.३ | २८ | ६८.३ | १ | २.४ |

### ५.१.२ आर्थिक क्षेत्रको माइलस्टोनको प्रगति स्थिति

आर्थिक क्षेत्र अन्तर्गतका मन्त्रालय/निकायहरूको पुस मसान्तसम्म सम्पन्न हुनुपर्ने १६० माइलस्टोनको समग्र स्थिति हेर्दा ५१.३ प्रतिशत सम्पन्न, ३८.१ प्रतिशत चालु अवस्थामा रहेका र १०.६ प्रतिशत माइलस्टोन सुरु हुन सकेका छैनन्। पुस महिनामा सम्पन्न हुनुपर्ने माइलस्टोनको सम्पन्न स्थितिलाई तुलनात्मक रूपमा हेर्दा भूमि व्यवस्था, सहकारी तथा गरिबी


निवारण मन्त्रालयको सबैभन्दा बढी ६६.७ प्रतिशत सम्पन्न भएको देखिएको छ भने लगानी बोर्डको कार्यालयको सबैभन्दा कम ३३.३ प्रतिशत माइलस्टोन सम्पन्न भएको देखिएको छ। त्यसैगरी, अर्थ मन्त्रालयको १८ प्रतिशत माइलस्टोन सुरु हुन नसकेको देखिएको छ।

**तालिका: ९- सम्पन्न हुनुपर्ने माइलस्टोनको प्रगति स्थिति: आर्थिक क्षेत्र**

| क.सं. | मन्त्रालय/ निकाय | माइलस्टोन संख्या | पुस महिनासम्म सम्पन्न हुनुपर्ने | पुस महिनासम्म सम्पन्न हुनुपर्नेमध्ये | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | सम्पन्न | | चालु | | सुरु नभएको | |
| | | | | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत |
| १ | भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण | ५८ | १५ | १० | ६६.७ | ४ | २६.७ | १ | ६.७ |
| २ | संस्कृति, पर्यटन तथा नागरिक उड्डयन | ६५ | १८ | ११ | ६१.१ | ७ | ३८.९ | ० | ०.० |
| ३ | कृषि तथा पशुपन्छी विकास | ९२ | १७ | १० | ५८.८ | ६ | ३५.३ | १ | ५.९ |
| ४ | अर्थ | १३७ | ६१ | ३० | ४९.२ | २० | ३२.८ | ११ | १८.० |
| ५ | उद्योग, वाणिज्य तथा आपूर्ति | ७१ | २६ | १२ | ४६.२ | ११ | ४२.३ | ३ | ११.५ |
| ६ | वन तथा वातावरण | ९३ | २० | ८ | ४०.० | ११ | ५५.० | १ | ५.० |
| ७ | लगानी बोर्डको कार्यालय | १६ | ३ | १ | ३३.३ | २ | ६६.७ | ० | ०.० |
| | कुल | ५३२ | १६० | ८२ | ५१.३ | ६१ | ३८.१ | १७ | १०.६ |

आर्थिक क्षेत्रसँग सम्वन्धित मन्त्रालय/ निकायहरूका पुस महिनाभित्र सम्पन्न हुनुपर्ने विगत ३ वर्षको माइलस्टोनको प्रगति स्थिति तुलना गर्दा माइलस्टोनको सम्पन्न प्रतिशत उल्लेख्य रूपमा बढेको र चालु अवस्थामा रहेका माइलस्टोन प्रतिशत उल्लेख्य रूपमा घटेको देखिएको छ। यद्यपि, कार्य सुरु नभएका माइलस्टोनको प्रतिशत विगत पुसको तुलनामा २.७ अङ्कले बढेको देखिएको छ।

**लेखाचित्र: ७- सम्पन्न हुनुपर्ने माइलस्टोनको तुलनात्मक प्रगतिस्थिति: आर्थिक क्षेत्र**



आर्थिक क्षेत्र अन्तर्गतका पुस महिनाभित्र सुरु भई निश्चित लक्ष्य प्राप्त गरी पछिल्लो महिनामा सम्पन्न हुने १७२ बटा माइलस्टोनको विश्लेषण गर्दा लगानी बोर्डको कार्यालयको शतप्रतिशत र भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयको ९३.८ प्रतिशत माइलस्टोनले पुस महिनासम्मका लागि निर्धारित लक्ष्य प्राप्त गरेका छन्। संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयको सबैभन्दा कम २३.५ प्रतिशत माइलस्टोनले लक्ष्य प्राप्त गरेका छन्। अर्थ मन्त्रालयको १४.८ प्रतिशत माइलस्टोन सुरु हुन नसकेको देखिएको छ।

तालिकाः १०- सुरु भई निश्चित लक्ष्य हासिल हुनुपर्ने माइलस्टोनको प्रगति स्थितिः आर्थिक क्षेत्र

| क्र.सं. | मन्त्रालय/निकाय | कुल माइलस्टोन | पुस महिनाभित्र सुरु हुनुपर्ने | लक्ष्य प्राप्त भएका | | लक्ष्य प्राप्त नभएका | | कार्य सुरु नभएका | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत |
| १ | लगानी बोर्डको कार्यालय | १६ | ४ | ४ | १००.० | ० | ०.० | ० | ०.० |
| २ | भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण | ५८ | १६ | १५ | ९३.८ | १ | ६.३ | ० | ०.० |
| ३ | उद्योग, वाणिज्य तथा आपूर्ति | ७१ | २३ | १६ | ६९.६ | ५ | २१.७ | २ | ८.७ |
| ४ | कृषि तथा पशुपन्छी विकास | ९२ | ४० | २२ | ५५.० | १८ | ४५.० | ० | ०.० |
| ५ | अर्थ | १३७ | २७ | ११ | ४०.७ | १२ | ४४.४ | ४ | १४.८ |
| ६ | वन तथा वातावरण | ९३ | ४५ | १२ | २६.७ | ३२ | ७१.१ | १ | २.२ |
| ७ | संस्कृति, पर्यटन तथा नागरिक उड्डयन | ६५ | १७ | ४ | २३.५ | १३ | ७६.५ | ० | ०.० |
| कुल | | ५३२ | १७२ | ८४ | ४८.८ | ८१ | ४७.१ | ७ | ४.१ |

## ५.२ पूर्वाधार क्षेत्रको प्रगति स्थिति

### ५.२.१ पूर्वाधार क्षेत्रको क्रियाकलापको प्रगति स्थिति

यस पूर्वाधार क्षेत्रसँग सम्बन्धित मन्त्रालय/निकायहरूको २०८१ पुस महिनाभित्र सम्पन्न हुनुपर्ने कुल ३८ क्रियाकलापको अवस्था हेर्दा १३.२ प्रतिशत सम्पन्न, ८४.२ प्रतिशत चालु र २.६ प्रतिशत सुरु नभएको देखिन्छ। क्रियाकलाप सम्पादनको तुलनात्मक स्थिति हेर्दा ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयको सबैभन्दा बढी ३३.३ प्रतिशत सम्पन्न भएको देखिएको छ भने खानेपानी मन्त्रालय र भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयको सम्पन्न प्रतिशत शून्य रहेको छ। त्यसैगरी, सञ्चार तथा सूचना प्रविधि मन्त्रालयको ५.९ प्रतिशत क्रियाकलाप हालसम्म सुरु हुन नसकेको देखिएको छ।

### तालिकाः ११- क्रियाकलापको प्रगतिस्थितिः पूर्वाधार क्षेत्र

| क्र.सं. | मन्त्रालय/निकाय | कुल क्रियाकलाप | पुस महिनासम्म सम्पन्न हुनुपर्ने | सम्पन्न | | चालु | | कार्य सुरु नभएका | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत |
| १ | ऊर्जा, जलस्रोत तथा सिँचाइ | १०५ | ६ | २ | ३३.३ | ४ | ६६.७ | ० | ०.० |
| २ | शहरी विकास | ११६ | १० | २ | २०.० | ८ | ८०.० | ० | ०.० |
| ३ | सञ्चार तथा सूचना प्रविधि | ४३ | १७ | १ | ५.९ | १५ | ८८.२ | १ | ५.९ |
| ४ | खानेपानी | ३२ | ३ | ० | ०.० | ३ | १००.० | ० | ०.० |
| ५ | भौतिक पूर्वाधार तथा यातायात | ५१ | २ | ० | ०.० | २ | १००.० | ० | ०.० |
| कुल | | ३४७ | ३८ | ५ | १३.२ | ३२ | ८४.२ | १ | २.६ |

## ५.२.२ पूर्वाधार क्षेत्रको माइलस्टोनको प्रगति स्थिति


पूर्वाधार क्षेत्र अन्तर्गतका मन्त्रालयहरूको पुस मसान्तसम्म सम्पन्न हुनुपर्ने १७८ माइलस्टोनको समग्र स्थिति हेर्दा ४१ प्रतिशत सम्पन्न, ५०.६ प्रतिशत चालु अवस्थामा रहेका र ८.४ प्रतिशत माइलस्टोन सुरु हुन सकेका छैनन्। सम्पन्न हुनुपर्ने माइलस्टोनको स्थितिलाई तुलनात्मक रूपमा हेर्दा ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयको सबैभन्दा बढी ६२.१ प्रतिशत सम्पन्न भएको देखिएको छ भने भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयको सबैभन्दा कम १५.८ प्रतिशत माइलस्टोन सम्पन्न भएको देखिएको छ। त्यसैगरी, भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयको ४२.१ प्रतिशत माइलस्टोन सुरु हुन नसकेको देखिएको छ।

### तालिकाः १२- सम्पन्न हुनुपर्ने माइलस्टोनको प्रगतिस्थितिः पूर्वाधार क्षेत्र

| क्र.सं. | मन्त्रालय/ निकाय | माइलस्टोन संख्या | पुस महिनासम्म सम्पन्न हुनुपर्ने | पुस महिनासम्म सम्पन्न हुनुपर्नेमध्ये | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | सम्पन्न | | चालु | | सुरु नभएको | |
| | | | | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत |
| १ | ऊर्जा, जलस्रोत तथा सिँचाइ | २२३ | ५८ | ३६ | ६२.१ | २१ | ३६.२ | १ | १.७ |
| २ | खानेपानी | ६५ | १५ | ७ | ४६.७ | ८ | ५३.३ | ० | ०.० |
| ३ | शहरी विकास | १८५ | ४० | १३ | ३२.५ | २५ | ६२.५ | २ | ५.० |
| ४ | सञ्चार तथा सूचना प्रविधि | ८१ | ४६ | १४ | ३०.४ | २८ | ६०.९ | ४ | ८.७ |
| ५ | भौतिक पूर्वाधार तथा यातायात | ९८ | १९ | ३ | १५.८ | ८ | ४२.१ | ८ | ४२.१ |
| कुल | | ६५२ | १७८ | ७३ | ४१.० | ९० | ५०.६ | १५ | ८.४ |

पूर्वाधार क्षेत्र अन्तर्गतका मन्त्रालयहरूको पुस महिनाभित्र सम्पन्न हुनुपर्ने विगत ३ वर्षको प्रगति स्थिति तुलना गर्दा सम्पन्न प्रतिशत गत वर्षकोभन्दा २१.४ अङ्कले बढेको र चालु अवस्थामा रहेका तथा सुरु नभएका माइलस्टोन विगत वर्षकोभन्दा उल्लेख्य रूपमा घटेको देखिएको छ।

लेखाचित्रः ८- सम्पन्न हुनुपर्ने माइलस्टोनको तुलनात्मक प्रगतिस्थितिः पूर्वाधार क्षेत्र




पूर्वाधार क्षेत्र अन्तर्गतका पुस महिनाभित्र सुरु भई निश्चित लक्ष्य प्राप्त गरी पछिल्लो महिनामा सम्पन्न हुने २२६ वटा माइलस्टोनको विश्लेषण गर्दा ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयको सबैभन्दा बढी ७२.१ प्रतिशत माइलस्टोनले पुस महिनासम्मका लागि निर्धारित लक्ष्य प्राप्त गरेका छन् भने शहरी विकास मन्त्रालयको सबैभन्दा कम ४३.५ प्रतिशत माइलस्टोनले लक्ष्य प्राप्त गरेका छन्। खानेपानी मन्त्रालयको १६.७ प्रतिशत माइलस्टोन सुरु हुन नसकेको देखिएको छ।

तालिकाः १३- सुरु भई निश्चित लक्ष्य हासिल हुनुपर्ने माइलस्टोनको प्रगति स्थितिः पूर्वाधार क्षेत्र

| क्र.सं. | मन्त्रालय/निकाय | कुल माइलस्टोन | पुस महिनाभित्र सुरु हुनुपर्ने | लक्ष्य प्राप्त भएका | | लक्ष्य प्राप्त नभएका | | कार्य सुरु नभएका | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत |
| १ | ऊर्जा, जलस्रोत तथा सिँचाइ | २२३ | १०४ | ७५ | ७२.१ | २६ | २५.० | ३ | २.९ |
| २ | भौतिक पूर्वाधार तथा यातायात | ९८ | २५ | १७ | ६८.० | ७ | २८.० | १ | ४.० |
| ३ | सञ्चार तथा सूचना प्रविधि | ८१ | २१ | १२ | ५७.१ | ८ | ३८.१ | १ | ४.८ |
| ४ | खानेपानी | ६५ | ३० | १४ | ४६.७ | ११ | ३६.७ | ५ | १६.७ |
| ५ | शहरी विकास | १८५ | ४६ | २० | ४३.५ | २५ | ५४.३ | १ | २.२ |
| कुल | | ६५२ | २२६ | १३८ | ६१.१ | ७७ | ३४.१ | ११ | ४.९ |

## ५.३ शासकीय सुधार क्षेत्रको प्रगति स्थिति

### ५.३.१ शासकीय सुधार क्षेत्रको क्रियाकलापको प्रगति स्थिति

यस शासकीय सुधार क्षेत्रसँग सम्बन्धित मन्त्रालय/निकायहरूको २०८१ पुस महिनाभित्र सम्पन्न हुनुपर्ने कुल ३९ क्रियाकलापको अवस्था हेर्दा २०.५ प्रतिशत सम्पन्न, ७१.८ प्रतिशत चालु र ७.७ प्रतिशत सुरु नभएको देखिन्छ। क्रियाकलाप सम्पादनको तुलनात्मक स्थिति हेर्दा कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालय र नेपाल ट्रष्टको कार्यालयको पुस महिनासम्म सम्पन्न हुनुपर्ने गरी निर्धारित १-१ वटा माइलस्टोन सम्पन्न भएको देखिएको छ भने सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, राष्ट्रिय सतर्कता केन्द्र र सार्वजनिक खरिद अनुगमन कार्यालयको सम्पन्न प्रतिशत शून्य रहेको छ। गृह मन्त्रालय र परराष्ट्र मन्त्रालयको समीक्षा अवधिभित्र सम्पन्न हुनुपर्ने क्रियाकलाप नरहेको देखिएको छ।

तालिकाः १४- क्रियाकलापको प्रगतिस्थितिः शासकीय सुधार क्षेत्र

| क.सं. | मन्त्रालय/निकाय | कुल क्रियाकलाप | पुस महिनासम्म सम्पन्न हुनुपर्ने | सम्पन्न | | चालु | | कार्य सुरु नभएका | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत |
| १ | कानुन, न्याय तथा संसदीय मामिला | १४ | १ | १ | १००.० | ० | ०.० | ० | ०.० |
| २ | नेपाल ट्रष्टको कार्यालय | ३ | १ | १ | १००.० | ० | ०.० | ० | ०.० |
| ३ | रक्षा | १९ | २ | १ | ५०.० | १ | ५०.० | ० | ०.० |
| ४ | राष्ट्रिय तथ्याङ्क कार्यालय | १९ | २ | १ | ५०.० | ० | ०.० | १ | ५०.० |
| ५ | राष्ट्रिय योजना आयोग | १२ | ३ | १ | ३३.३ | २ | ६६.७ | ० | ०.० |
| ६ | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | ५६ | २३ | ३ | १३.० | १८ | ७८.३ | २ | ८.७ |
| ७ | सङ्घीय मामिला तथा सामान्य प्रशासन | २२ | ४ | ० | ०.० | ४ | १००.० | ० | ०.० |
| ८ | राष्ट्रिय सतर्कता केन्द्र | ७ | २ | ० | ०.० | २ | १००.० | ० | ०.० |
| ९ | सार्वजनिक खरिद अनुगमन कार्यालय | ८ | १ | ० | ०.० | १ | १००.० | ० | ०.० |
| १० | गृह | ५३ | ० | ० | ०.० | ० | ०.० | ० | ०.० |
| ११ | परराष्ट्र | २१ | ० | ० | ०.० | ० | ०.० | ० | ०.० |
| कुल | | २३४ | ३९ | ८ | २०.५ | २८ | ७१.८ | ३ | ७.७ |

## ५.३.२ शासकीय सुधार क्षेत्रका माइलस्टोनको प्रगति स्थिति


शासकीय सुधार क्षेत्र अन्तर्गतका मन्त्रालय/निकायहरूको पुस मसान्तसम्म सम्पन्न हुनुपर्ने १६२ माइलस्टोनको समग्र स्थिति हेर्दा ५६.२ प्रतिशत सम्पन्न, ३१.५ प्रतिशत चालु अवस्थामा रहेका र १२.३ प्रतिशत माइलस्टोन सुरु हुन सकेका छैनन्। सम्पन्न हुनुपर्ने माइलस्टोनको स्थितिलाई तुलनात्मक रूपमा हेर्दा कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालय र नेपाल ट्रष्टको कार्यालयको शतप्रतिशत माइलस्टोन सम्पन्न भएको देखिएको छ भने राष्ट्रिय सतर्कता केन्द्रको सम्पन्न प्रतिशत शून्य रहेको देखिएको छ। त्यसैगरी, सार्वजनिक खरिद अनुगमन कार्यालयको ५० प्रतिशत माइलस्टोन सुरु हुन नसकेको देखिएको छ।

तालिकाः १५- सम्पन्न हुनुपर्ने माइलस्टोनको प्रगतिस्थितिः शासकीय सुधार क्षेत्र

| क.सं. | मन्त्रालय/ निकाय | माइलस्टोन संख्या | पुस महिनासम्म सम्पन्न हुनुपर्ने | पुस महिनासम्म सम्पन्न हुनुपर्नेमध्ये | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | सम्पन्न | | चालु | | सुरु नभएको | |
| | | | | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत |
| १ | कानुन, न्याय तथा संसदीय मामिला | ३८ | ११ | ११ | १००.० | ० | ०.० | ० | ०.० |
| २ | नेपाल ट्रष्टको कार्यालय | ८ | ३ | ३ | १००.० | ० | ०.० | ० | ०.० |
| ३ | राष्ट्रिय तथ्याङ्क कार्यालय | ४० | १४ | १० | ७१.४ | ० | ०.० | ४ | २८.६ |
| ४ | रक्षा | ६३ | २५ | १७ | ६८.० | ७ | २८.० | १ | ४.० |
| ५ | गृह | १०८ | ३८ | २० | ५२.६ | १५ | ३९.५ | ३ | ७.९ |
| ६ | सङ्घीय मामिला तथा सामान्य प्रशासन | २७ | ६ | ३ | ५०.० | ३ | ५०.० | ० | ०.० |
| ७ | राष्ट्रिय योजना आयोग | १६ | ६ | ३ | ५०.० | ३ | ५०.० | ० | ०.० |
| ८ | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | ९१ | ४४ | १९ | ४३.२ | १६ | ३६.४ | ९ | २०.५ |
| ९ | परराष्ट्र | ३७ | ७ | ३ | ४२.९ | ४ | ५७.१ | ० | ०.० |
| १० | सार्वजनिक खरिद अनुगमन कार्यालय | २६ | ६ | २ | ३३.३ | १ | १६.७ | ३ | ५०.० |
| ११ | राष्ट्रिय सतर्कता केन्द्र | १० | २ | ० | ०.० | २ | १००.० | ० | ०.० |
| | कुल | ४६४ | १६२ | ९१ | ५६.२ | ५१ | ३१.५ | २० | १२.३ |

शासकीय सुधार क्षेत्रका मन्त्रालय/ निकायहरूको पुस महिनाभित्र सम्पन्न हुनुपर्ने विगत ३ वर्षको माइलस्टोनको प्रगति स्थिति तुलना गर्दा सम्पन्न प्रतिशत क्रमशः बढेको, चालु अवस्थामा रहेका माइलस्टोन प्रतिशत उल्लेख्य रूपमा घटेको देखिएको छ। यद्यपि, विगत ३ वर्षमा कार्य सुरु नभएका माइलस्टोन प्रतिशत बढेको देखिएको छ।

लेखाचित्रः ९- सम्पन्न हुनुपर्ने माइलस्टोनको तुलनात्मक प्रगतिस्थितिः शासकीय सुधार क्षेत्र




शासकीय सुधार क्षेत्र अन्तर्गतका मन्त्रालय/ निकायहरूको पुस महिनाभित्र सुरु भई निश्चित लक्ष्य प्राप्त गरी पछिल्लो महिनामा सम्पन्न हुने १६२ वटा माइलस्टोनको विश्लेषण गर्दा राष्ट्रिय तथ्याङ्क कार्यालय र राष्ट्रिय सतर्कता केन्द्रको शतप्रतिशत माइलस्टोनले पुस महिनासम्मका लागि निर्धारित लक्ष्य प्राप्त गरेका छन् भने नेपाल ट्रष्टको कार्यालयले सवैभन्दा कम ३३.३ प्रतिशत माइलस्टोनले लक्ष्य प्राप्त गरेका छन्। सार्वजनिक खरिद अनुगमन कार्यालयको २३.१ प्रतिशत माइलस्टोन सुरु हुन नसकेको देखिएको छ।

तालिकाः १६- सुरु भई निश्चित लक्ष्य हासिल हुनुपर्ने माइलस्टोनको प्रगति स्थितिः पूर्वाधार क्षेत्र

| क्र.सं. | मन्त्रालय/निकाय | कुल माइलस्टोन | पुस महिनाभित्र सुरु हुनुपर्ने | लक्ष्य प्राप्त भएका | | लक्ष्य प्राप्त नभएका | | कार्य सुरु नभएका | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत |
| १ | राष्ट्रिय तथ्याङ्क कार्यालय | ४० | ६ | ६ | १००.० | ० | ०.० | ० | ०.० |
| २ | राष्ट्रिय सतर्कता केन्द्र | १० | ६ | ६ | १००.० | ० | ०.० | ० | ०.० |
| ३ | गृह | १०८ | २६ | १९ | ७३.१ | ७ | २६.९ | ० | ०.० |
| ४ | सङ्घीय मामिला तथा सामान्य प्रशासन | २७ | ११ | ८ | ७२.७ | ३ | २७.३ | ० | ०.० |
| ५ | कानुन, न्याय तथा संसदीय मामिला | ३८ | १३ | ८ | ६१.५ | ३ | २३.१ | २ | १५.४ |
| ६ | परराष्ट्र | ३७ | २३ | १४ | ६०.९ | ९ | ३९.१ | ० | ०.० |

| क्र.सं. | मन्त्रालय/निकाय | कुल माइलस्टोन | पुस महिनाभित्र सुरु हुनुपर्ने | लक्ष्य प्राप्त भएका | | लक्ष्य प्राप्त नभएका | | कार्य सुरु नभएका | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत |
| ७ | सार्वजनिक खरिद अनुगमन कार्यालय | २६ | १३ | ७ | ५३.८ | ३ | २३.१ | ३ | २३.१ |
| ८ | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | ९१ | २९ | १५ | ५१.७ | १२ | ४१.४ | २ | ६.९ |
| ९ | राष्ट्रिय योजना आयोग | १६ | ६ | ३ | ५०.० | ३ | ५०.० | ० | ०.० |
| १० | रक्षा | ६३ | २६ | १० | ३८.५ | १५ | ५७.७ | १ | ३.८ |
| ११ | नेपाल ट्रष्टको कार्यालय | ८ | ३ | १ | ३३.३ | २ | ६६.७ | ० | ०.० |
| | कुल | ४६४ | १६२ | ९७ | ५९.९ | ५७ | ३५.२ | ८ | ४.९ |

## ५.४ सामाजिक क्षेत्रको प्रगति स्थिति

### ५.४.१ सामाजिक क्षेत्रका क्रियाकलापको प्रगति स्थिति

यस क्षेत्रसँग सम्बन्धित मन्त्रालय/निकायहरूको २०८१ पुस महिनाभित्र सम्पन्न हुनुपर्ने कुल ३९ क्रियाकलापको अवस्था हेर्दा ५.१ प्रतिशत सम्पन्न र ९४.९ प्रतिशत चालु अवस्थामा रहेको देखिन्छ। क्रियाकलापको सम्पादनको तुलनात्मक स्थिति हेर्दा श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयको सबैभन्दा बढी सम्पन्न प्रतिशत १२.५ भएको देखिएको छ भने महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय, युवा तथा खेलकुद मन्त्रालय र स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयको सबै माइलस्टोन चालु अवस्थामा रही सम्पन्न प्रतिशत शून्य रहेको छ।

तालिकाः १७- क्रियाकलापको प्रगतिस्थितिः शासकीय सुधार क्षेत्र

| क.सं. | मन्त्रालय/निकाय | कुल क्रियाकलाप | पुस महिनासम्म सम्पन्न हुनुपर्ने | सम्पन्न | | चालु | | कार्य सुरु नभएका | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत |
| १ | श्रम, रोजगार तथा सामाजिक सुरक्षा | २९ | ८ | १ | १२.५ | ७ | ८७.५ | ० | ०.० |
| २ | शिक्षा, विज्ञान तथा प्रविधि | ५८ | २१ | १ | ४.८ | २० | ९५.२ | ० | ०.० |
| ३ | महिला, बालबालिका तथा ज्येष्ठ नागरिक | १० | ४ | ० | ०.० | ४ | १००.० | ० | ०.० |
| ४ | युवा तथा खेलकुद | २७ | ४ | ० | ०.० | ४ | १००.० | ० | ०.० |
| ५ | स्वास्थ्य तथा जनसङ्ख्या | २८ | २ | ० | ०.० | २ | १००.० | ० | ०.० |
| | कुल | १५२ | ३९ | २ | ५.१ | ३७ | ९४.९ | ० | ०.० |

## ५.४.२ सामाजिक क्षेत्रका माइलस्टोनको प्रगति स्थिति


सामाजिक क्षेत्र अन्तर्गतका मन्त्रालय/निकायहरूको पुस मसान्तसम्म सम्पन्न हुनुपर्ने १५१ माइलस्टोनको समग्र स्थिति हेर्दा ३९.१ प्रतिशत सम्पन्न, ४७.७ प्रतिशत चालु अवस्थामा रहेका र १३.२ प्रतिशत माइलस्टोन सुरु हुन सकेका छैनन्। सम्पन्न हुनुपर्ने माइलस्टोनको सम्पन्न स्थितिलाई तुलनात्मक रूपमा हेर्दा स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय सबैभन्दा बढी ८१.८ प्रतिशत सम्पन्न भएको देखिएको छ भने महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयको सबैभन्दा कम २१.४ प्रतिशत सम्पन्न भएको देखिएको छ। त्यसैगरी, महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयको ५० प्रतिशत माइलस्टोन सुरु हुन नसकेको देखिएको छ।

तालिकाः १८- सम्पन्न हुनुपर्ने माइलस्टोनको प्रगतिस्थितिः शासकीय सुधार क्षेत्र

| क.सं. | मन्त्रालय/ निकाय | माइलस्टोन संख्या | पुस महिनासम्म सम्पन्न हुनुपर्ने | पुस महिनासम्म सम्पन्न हुनुपर्नेमध्ये | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | सम्पन्न | | चालु | | सुरु नभएको | |
| | | | | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत |
| १ | स्वास्थ्य तथा जनसङ्ख्या | ५२ | ११ | ९ | ८१.८ | ० | ०.० | २ | १८.२ |
| २ | शिक्षा, विज्ञान तथा प्रविधि | १२४ | ७० | ३१ | ४४.३ | ३९ | ५५.७ | ० | ०.० |
| ३ | युवा तथा खेलकुद | ७० | ३६ | ११ | ३०.६ | १७ | ४७.२ | ८ | २२.२ |
| ४ | श्रम, रोजगार तथा सामाजिक सुरक्षा | ४५ | २० | ५ | २५.० | १२ | ६०.० | ३ | १५.० |
| ५ | महिला, बालबालिका तथा ज्येष्ठ नागरिक | २२ | १४ | ३ | २१.४ | ४ | २८.६ | ७ | ५०.० |
| | कुल | ३१३ | १५१ | ५९ | ३९.१ | ७२ | ४७.७ | २० | १३.२ |

सामाजिक क्षेत्रका मन्त्रालयहरूको पुस महिनाभित्र सम्पन्न हुनुपर्ने विगत ३ वर्षको माइलस्टोनको प्रगति स्थितिलाई तुलना गर्दा सम्पन्न प्रतिशत गतवर्षको भन्दा ९.६ अङ्कले घटेको, चालु अवस्थामा रहेका माइलस्टोनको प्रतिशत ७.९ अङ्कले बढेको र कार्य सुरु नभएका माइलस्टोनको प्रतिशत १.७ अङ्कले बढेको देखिएको छ।

लेखाचित्रः १०- सम्पन्न हुनुपर्ने माइलस्टोनको तुलनात्मक प्रगतिस्थितिः सामाजिक क्षेत्र




शासकीय सुधार क्षेत्र अन्तर्गतका पुस महिनाभित्र सुरु भई निश्चित लक्ष्य प्राप्त गरी पछिल्लो महिनामा सम्पन्न हुने ६१ वटा माइलस्टोनको विश्लेषण गर्दा स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयको सबैभन्दा बढी ७० प्रतिशत माइलस्टोनले पुस महिनासम्मका लागि निर्धारित लक्ष्य प्राप्त गरेका छन् भने सबैभन्दा कम श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयको २६.७ प्रतिशत देखिएको छ। त्यसैगरी, युवा तथा खेलकुद मन्त्रालयको १२.५ प्रतिशत माइलस्टोन सुरु हुन नसकेको देखिएको छ।

तालिकाः १९- सुरु भई निश्चित लक्ष्य हासिल हुनुपर्ने माइलस्टोनको प्रगति स्थितिः सामाजिक क्षेत्र

| क.सं. | मन्त्रालय/निकाय | कुल माइलस्टोन | पुस महिनाभित्र सुरु हुनुपर्ने | लक्ष्य प्राप्त भएका | | लक्ष्य प्राप्त नभएका | | कार्य सुरु नभएका | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत |
| १ | स्वास्थ्य तथा जनसङ्ख्या | ५२ | १० | ७ | ७०.० | ३ | ३०.० | ० | ०.० |
| २ | महिला, बालबालिका तथा ज्येष्ठ नागरिक | २२ | ३ | २ | ६६.७ | १ | ३३.३ | ० | ०.० |
| ३ | शिक्षा, विज्ञान तथा प्रविधि | १२४ | १७ | ७ | ४१.२ | १० | ५८.८ | ० | ०.० |
| ४ | युवा तथा खेलकुद | ७० | १६ | ६ | ३७.५ | ८ | ५०.० | २ | १२.५ |
| ५ | श्रम, रोजगार तथा सामाजिक सुरक्षा | ४५ | १५ | ४ | २६.७ | ११ | ७३.३ | ० | ०.० |
| कुल | | ३१३ | ६१ | २६ | ४२.६ | ३३ | ५४.१ | २ | ३.३ |

## ६. मन्त्रालय/ निकायगत माइलस्टोनको अर्धवार्षिक प्रगति

२०८१ पुस महिनासम्म सम्पन्न हुनुपर्ने गरी लक्ष्य निर्धारण भएका ६५१ वटा माइलस्टोनको विश्लेषण गर्दा कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालय र नेपाल ट्रष्टको कार्यालयको शतप्रतिशत माइलस्टोन सम्पन्न भएको देखिएको छ भने राष्ट्रिय सतर्कता केन्द्रको सम्पन्न प्रतिशत शून्य रहेको छ।

तालिका: २०- पुस महिनासम्म सम्पन्न हुनुपर्ने माइलस्टोनको प्रगति स्थिति

| क.सं. | मन्त्रालय/निकाय | कुल | पुससम्म सम्पन्न हुनुपर्ने | सम्पन्न | | चालु | | सुरु नभएको | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत |
| १ | कानुन, न्याय तथा संसदीय मामिला | ३८ | ११ | ११ | १००.० | ० | ०.० | ० | ०.० |
| २ | नेपाल ट्रष्टको कार्यालय | ८ | ३ | ३ | १००.० | ० | ०.० | ० | ०.० |
| ३ | स्वास्थ्य तथा जनसङ्ख्या | ५२ | ११ | ९ | ८१.८ | ० | ०.० | २ | १८.२ |
| ४ | राष्ट्रिय तथ्याङ्क कार्यालय | ४० | १४ | १० | ७१.४ | ० | ०.० | ४ | २८.६ |
| ५ | रक्षा | ६३ | २५ | १७ | ६८.० | ७ | २८.० | १ | ४.० |
| ६ | भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण | ५८ | १५ | १० | ६६.७ | ४ | २६.७ | १ | ६.७ |
| ७ | ऊर्जा, जलस्रोत तथा सिँचाइ | २२३ | ५८ | ३६ | ६२.१ | २१ | ३६.२ | १ | १.७ |
| ८ | संस्कृति, पर्यटन तथा नागरिक उड्डयन | ६५ | १८ | ११ | ६१.१ | ७ | ३८.९ | ० | ०.० |
| ९ | कृषि तथा पशुपन्छी विकास | ९२ | १७ | १० | ५८.८ | ६ | ३५.३ | १ | ५.९ |
| १० | गृह | १०८ | ३८ | २० | ५२.६ | १५ | ३९.५ | ३ | ७.९ |
| ११ | सङ्घीय मामिला तथा सामान्य प्रशासन | २७ | ६ | ३ | ५०.० | ३ | ५०.० | ० | ०.० |
| १२ | राष्ट्रिय योजना आयोग | १६ | ६ | ३ | ५०.० | ३ | ५०.० | ० | ०.० |
| १३ | अर्थ | १३७ | ६१ | ३० | ४९.२ | २० | ३२.८ | ११ | १८.० |
| १४ | खानेपानी | ६५ | १५ | ७ | ४६.७ | ८ | ५३.३ | ० | ०.० |
| १५ | उद्योग, वाणिज्य तथा आपूर्ति | ७१ | २६ | १२ | ४६.२ | ११ | ४२.३ | ३ | ११.५ |
| १६ | शिक्षा, विज्ञान तथा प्रविधि | १२४ | ७० | ३१ | ४४.३ | ३९ | ५५.७ | ० | ०.० |
| १७ | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | ९१ | ४४ | १९ | ४३.२ | १६ | ३६.४ | ९ | २०.५ |
| १८ | परराष्ट्र | ३७ | ७ | ३ | ४२.९ | ४ | ५७.१ | ० | ०.० |
| १९ | वन तथा वातावरण | ९३ | २० | ८ | ४०.० | ११ | ५५.० | १ | ५.० |
| २० | सार्वजनिक खरिद अनुगमन कार्यालय | २६ | ६ | २ | ३३.३ | १ | १६.७ | ३ | ५०.० |
| २१ | लगानी बोर्डको कार्यालय | १६ | ३ | १ | ३३.३ | २ | ६६.७ | ० | ०.० |
| २२ | शहरी विकास | १८५ | ४० | १३ | ३२.५ | २५ | ६२.५ | २ | ५.० |
| २३ | युवा तथा खेलकुद | ७० | ३६ | ११ | ३०.६ | १७ | ४७.२ | ८ | २२.२ |
| २४ | सञ्चार तथा सूचना प्रविधि | ८१ | ४६ | १४ | ३०.४ | २८ | ६०.९ | ४ | ८.७ |
| २५ | श्रम, रोजगार तथा सामाजिक सुरक्षा | ४५ | २० | ५ | २५.० | १२ | ६०.० | ३ | १५.० |
| २६ | महिला, बालबालिका तथा ज्येष्ठ नागरिक | २२ | १४ | ३ | २१.४ | ४ | २८.६ | ७ | ५०.० |
| २७ | भौतिक पूर्वाधार तथा यातायात | ९८ | १९ | ३ | १५.८ | ८ | ४२.१ | ८ | ४२.१ |
| २८ | राष्ट्रिय सतर्कता केन्द्र | १० | २ | ० | ०.० | २ | १००.० | ० | ०.० |
| कुल | | १९६१ | ६५१ | ३०५ | ४६.९ | २७४ | ४२.१ | ७२ | ११.० |

## ७. समस्या र कारणहरूको विश्लेषण

- २०८१ पुस महिनाभित्र सम्पन्न हुनुपर्ने ६५१ वटा र पुस महिनाभित्र निर्धारित लक्ष्य हासिल गरी चालु अवस्थामा रहेका ६२१ वटा माइलस्टोन गरी जम्मा १,२७२ माइलस्टोनको विषयानुसार अवस्था अध्ययन गर्दा निर्माण/खरिद कार्यसँग सम्वन्धित ५६.५ प्रतिशत माइलस्टोन २०८१ पुस महिनाभित्र सम्पन्न भएको वा यस अवधिका लागि निर्धारित लक्ष्य हासिल गरेको देखिएको छ। त्यसैगरी, जग्गा प्राप्ति वा साइट क्लियरेन्ससँग सम्वन्धित २१.४ प्रतिशत, वातावरणीय अध्ययनसँग सम्वन्धित १४.३ प्रतिशत माइलस्टोन सुरु हुन नसकेको देखिएको छ।

तालिकाः २१- निर्धारित लक्ष्य हासिल हुनुपर्ने माइलस्टोनको विषय

| क्र.सं. | माइलस्टोनको विषय | सम्पन्न वा लक्ष्य प्राप्त भएका | | लक्ष्य प्राप्त नभएका | | सुरु नभएका | | कुल |
|---|---|---|---|---|---|---|---|---|
| | | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत | |
| १ | निर्माण/ खरिद कार्य | १७५ | ५६.५ | ११४ | ३६.८ | २१ | ६.८ | ३१० |
| २ | कार्यक्रम सञ्चालन | २८० | ५४.३ | २०९ | ४०.५ | २७ | ५.२ | ५१६ |
| ३ | खरिद प्रक्रिया | १०० | ४६.५ | ८८ | ४०.९ | २७ | १२.६ | २१५ |
| ४ | कानुनी तयारी | ५३ | ४२.७ | ५९ | ४७.६ | १२ | ९.७ | १२४ |
| ५ | सम्भाव्यता अध्ययन | २३ | ४१.८ | २८ | ५०.९ | ४ | ७.३ | ५५ |
| ६ | जग्गा प्राप्ति तथा साइट क्लियरेन्स | ११ | ३९.३ | ११ | ३९.३ | ६ | २१.४ | २८ |
| ७ | वातावरणीय अध्ययन | ५ | ३५.७ | ७ | ५०.० | २ | १४.३ | १४ |
| ८ | लगानी मोडालिटी तथा वित्तीय ढाँचा तयार | ३ | ३०.० | ६ | ६०.० | १ | १०.० | १० |
| कुल | | ६५० | ५१.१ | ५२२ | ४१.० | १०० | ७.९ | १२७२ |

- २०८१ पुस महिनाभित्र सम्पन्न वा सुरु हुनुपर्नेमध्ये सुरु नभएका माइलस्टोनको अवस्था विश्लेषण गर्दा महिला, वालवालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयको सुरु नभएको माइलस्टोनको प्रतिशत सबैभन्दा बढी ४१.२ प्रतिशत रहेको देखिएको छ भने दोस्रोमा सार्वजनिक खरिद अनुगमन कार्यालय ३१.६ प्रतिशत र तेस्रोमा भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय २०.५ प्रतिशत रहेको छ। परराष्ट्र मन्त्रालय, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, राष्ट्रिय योजना आयोग, राष्ट्रिय सतर्कता केन्द्र, लगानी वोर्डको कार्यालय र नेपाल ट्रष्टको कार्यालय गरी ८ वटा मन्त्रालय/ निकायको यस अवधिमा सुरु नभएका माइलस्टोन नरहेको देखिएको छ।

## तालिकाः २२- सम्पन्न वा सुरु हुनुपर्नेमध्ये सुरु नभएका माइलस्टोनको तुलना (प्रतिशत)

| क्र.सं. | मन्त्रालय/ निकाय | सम्पन्न वा सुरु हुनुपर्ने | सुरु नभएको | सुरु नभएको प्रतिशत |
|---|---|---|---|---|
| १ | महिला, बालबालिका तथा ज्येष्ठ नागरिक | १७ | ७ | ४१.२ |
| २ | सार्वजनिक खरिद अनुगमन कार्यालय | १९ | ६ | ३१.६ |
| ३ | भौतिक पूर्वाधार तथा यातायात | ४४ | ९ | २०.५ |
| ४ | राष्ट्रिय तथ्याङ्क कार्यालय | २० | ४ | २०.० |
| ५ | युवा तथा खेलकुद | ५२ | १० | १९.२ |
| ६ | अर्थ | ८८ | १५ | १७.० |
| ७ | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | ७३ | ११ | १५.१ |
| ८ | खानेपानी | ४५ | ५ | ११.१ |
| ९ | उद्योग, वाणिज्य तथा आपूर्ति | ४९ | ५ | १०.२ |
| १० | स्वास्थ्य तथा जनसङ्ख्या | २१ | २ | ९.५ |
| ११ | श्रम, रोजगार तथा सामाजिक सुरक्षा | ३५ | ३ | ८.६ |
| १२ | कानुन, न्याय तथा संसदीय मामिला | २४ | २ | ८.३ |
| १३ | सञ्चार तथा सूचना प्रविधि | ६७ | ५ | ७.५ |
| १४ | गृह | ६४ | ३ | ४.७ |
| १५ | रक्षा | ५१ | २ | ३.९ |
| १६ | शहरी विकास | ८६ | ३ | ३.५ |
| १७ | भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण | ३१ | १ | ३.२ |
| १८ | वन तथा वातावरण | ६५ | २ | ३.१ |
| १९ | ऊर्जा, जलस्रोत तथा सिँचाइ | १६२ | ४ | २.५ |
| २० | कृषि तथा पशुपन्छी विकास | ५७ | १ | १.८ |

- २०८१ पुस महिनाभित्र सम्पन्न हुनुपर्ने ६५१ वटा माइलस्टोनमध्ये चालु अवस्थामा रहेका २७४ वटा र सुरु हुन नसकेका ७२ वटा; पुस महिनाभित्र निर्धारित लक्ष्य हासिल गरी चालु अवस्थामा रहनुपर्ने ६२१ वटा माइलस्टोनमध्ये लक्ष्य प्राप्ति नभएका २४८ वटा र सुरु हुन नसकेका २८ वटा गरी जम्मा ६२२ वटा माइलस्टोनको लक्ष्य हासिल हुन नसकेको देखिन्छ। मन्त्रालय/निकायहरूले निश्चित लक्ष्य हासिल गर्न नसकेका उक्त ६२२ माइलस्टोनलाई विषयअनुसार वर्गीकरण गर्दा कार्यक्रम सञ्चालनसँग सम्बन्धित २३६, निर्माण/खरिद कार्यसँग सम्बन्धित १३५, खरिद प्रक्रियासँग सम्बन्धित ११५, कानुनी तयारीसँग सम्बन्धित ७१ वटा माइलस्टोनले लक्ष्य प्राप्त गर्न नसकेको देखियो।

## तालिकाः २३- निर्धारित लक्ष्य प्राप्त नभएका माइलस्टोनका विषय

| क्र.सं. | माइलस्टोनका विषय | माइलस्टोन संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | कार्यक्रम सञ्चालन | २३६ | ३७.९ |
| २ | निर्माण/खरिद कार्य | १३५ | २१.७ |
| ३ | खरिद प्रक्रिया | ११५ | १८.५ |
| ४ | कानुनी तयारी | ७१ | ११.४ |
| ५ | सम्भाव्यता अध्ययन | ३२ | ५.१ |
| ६ | जग्गा प्राप्ति तथा साइट क्लियरेन्स | १७ | २.७ |
| ७ | वातावरणीय अध्ययन | ९ | १.४ |
| ८ | लगानी मोडालिटी तथा वित्तीय ढाँचा तयार | ७ | १.१ |
| | कुल | ६२२ | १००.०० |

- सम्वन्धित मन्त्रालय/निकायहरूले दर्शाएका ६२२ वटा माइलस्टोनको लक्ष्य हासिल हुन नसक्नुका कारण/ समस्याहरू तल तालिकामा देखाइएको छ।

## तालिकाः २४- लक्ष्य हासिल हुन नसक्नुका कारण/ समस्या

| क्र.सं. | लक्ष्य प्राप्त हुन नसक्नुका कारण/समस्या | माइलस्टोन संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | लक्ष्य उन्मुख रहेको | ३५० | ५६.० |
| २ | कार्यक्रम कार्यान्वयनका लागि पूर्व तयारी पूरा नभएको | १०१ | १६.२ |
| ३ | बजेट व्यवस्थापन/ स्रोत सुनिश्चितता नभएको | ३५ | ५.६ |
| ४ | अन्तर तह/ मन्त्रालय/ निकाय समन्वय र स्वीकृति | ३५ | ५.६ |
| ५ | जनशक्ति अभाव तथा नेतृत्व परिवर्तन | २३ | ३.७ |
| ६ | विपद | १६ | २.६ |
| ७ | कार्यक्रमको पुनःसंरचना / पुनः प्रक्रिया आरम्भ गर्नु परेको | १५ | २.४ |
| ८ | विवाद तथा प्रक्रियागत जटिलता | १३ | २.१ |
| ९ | स्थान छनोट / जग्गा प्राप्ति नभएको | १४ | २.२ |
| १० | कानुन तर्जुमा / संशोधन हुन नसकेको | ३ | ०.५ |
| ११ | निर्माण सामग्रीको अभाव | ३ | ०.५ |
| १२ | अन्य | १७ | २.७ |
| | कुल | ६२५ | १०० |

*नोटः ३ वटा माइलस्टोनको लक्ष्य हासिल हुन नसक्नुमा २ वटा कारण उल्लेख भएको*

- माइलस्टोनले लक्ष्य हासिल गर्न नसक्नुका कारण/समस्याहरू निकायगत रूपमा देहाय बमोजिम रहेका छन्-

| क.सं | मन्त्रालय/निकाय | निर्धारित लक्ष्य प्राप्त हुन नसक्नुका कारणहरू* | | | | | | | | | | | | कुल |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० | ११ | १२ | |
| १ | प्र.म. तथा म.प.का. | १६ | २२ | | | | | | १ | | | | | ३९ |
| २ | अर्थ | ३५ | ८ | | | | | | ४ | | | | | ४७ |
| ३ | उद्योग | १२ | ४ | | ३ | | | १ | | १ | | | | २१ |
| ४ | ऊर्जा | १५ | | १० | ८ | १ | ४ | ४ | १ | ४ | १ | १ | ३ | ५२ |
| ५ | कानुन | ५ | | | | | | | | | | | | ५ |
| ६ | कृषि | १३ | ७ | | ४ | | | १ | | | | | | २५ |
| ७ | खानेपानी | १० | ३ | २ | १ | १ | ३ | ३ | | | १ | | | २४ |
| ८ | गृह | १६ | ३ | १ | २ | | | | ३ | | | | | २५ |
| ९ | परराष्ट्र | १३ | | | | | | | | | | | | १३ |
| १० | भूमि | ५ | | | १ | | | | | | | | | ६ |
| ११ | भौतिक | ११ | | ३ | ४ | १ | २ | १ | १ | १ | | | | २४ |
| १२ | महिला | ७ | १ | १ | | | | २ | | | १ | | | १२ |
| १३ | युवा | २८ | २ | १ | | | | | | ४ | | | | ३५ |
| १४ | रक्षा | २४ | | | | | | | | | | | | २४ |
| १५ | वन | ३३ | ७ | | | ४ | | १ | | | | | | ४५ |
| १६ | शिक्षा | २४ | १३ | | १ | ८ | १ | | | | | २ | | ४९ |
| १७ | श्रम | २४ | २ | | | | | | | | | | | २६ |
| १८ | संस्कृति | १ | ७ | ८ | | | | | ४ | | | | | २० |
| १९ | सङ्घीय मामिला | ६ | | | | | | | | | | | | ६ |
| २० | सञ्चार | २० | ११ | २ | ६ | १ | | | | | १ | | | ४१ |
| २१ | शहरी | १४ | ४ | ३ | ४ | ७ | ७ | ३ | | ३ | १० | | | ५५ |
| २२ | स्वास्थ्य | १ | १ | २ | | | | | १ | | | | | ५ |
| २३ | योजना आयोग | ६ | | | | | | | | | | | | ६ |
| २४ | तथ्याङ्क कार्यालय | | २ | २ | | | | | | | | | | ४ |
| २५ | सतर्कता केन्द्र | | २ | | | | | | | | | | | २ |
| २६ | सार्वजनिक खरिद | ९ | | | १ | | | | | | | | | १० |
| २७ | लगानी बोर्ड | २ | | | | | | | | | | | | २ |
| २८ | नेपाल ट्रष्ट | | २ | | | | | | | | | | | २ |
| कुल | | ३५० | १०१ | ३५ | ३५ | २३ | १७ | १६ | १५ | १३ | १४ | ३ | ३ | ६२५ |

१. लक्ष्य उन्मुख रहेको २. कार्यक्रम कार्यान्वयनका लागि पूर्व तयारी पूरा नभएको ३. बजेट व्यवस्थापन/ स्रोत सुनिश्चितता नभएको ४. अन्तर तह/ मन्त्रालय/ निकाय समन्वय र स्वीकृति ५. जनशक्ति अभाव तथा नेतृत्व परिवर्तन ६. अन्य ७. विपद ८. कार्यक्रमको पुनःसंरचना/पुनः प्रक्रिया आरम्भ गर्नुपरेको ९. विवाद तथा प्रक्रियागत जटिलता १०. स्थान छनोट/जग्गा प्राप्ति नभएको ११. कानुन तर्जुमा / संशोधन हुन नसकेको १२. निर्माण सामग्रीको अभाव

- माथिको तालिका विश्लेषण गर्दा लक्ष्य उन्मुख रहेका माइलस्टोन ३५० वटा रहेका छन्। लक्ष्य प्राप्त हुन नसक्नुका प्रमुख कारणहरूमा कार्यक्रम कार्यान्वयनका लागि आवश्यक पूर्वतयारीका कार्यहरू पूरा हुन नसक्नु प्रमुख कारणको रूपमा रहेको छ। स्पेशिफिकेशन र लागत अनुमान तयारीमा विलम्ब, अध्ययन तथा अनुसन्धानमा विलम्ब, लगत ईष्टिमेट स्वीकृत हुन बाँकी जस्ता पूर्वतयारीका कार्यहरू समयमा सम्पन्न हुन नसकेकोले कार्यक्रमहरू अगाडि बढ्न सकेका छैनन्। समीक्षा अवधिमा कार्यक्रम कार्यान्वयनका लागि पूर्वतयारी पूरा हुन नसकेका कारण १०१ वटा माइलस्टोनले लक्ष्य प्राप्त गर्न नसकेको देखिएको छ।

- चालु आर्थिक वर्षको बजेट कार्यान्वयन कार्ययोजना तर्जुमा गर्दा स्रोत सुनिश्चितता नभएका कार्यहरू कार्ययोजनामा समावेश नगर्न सुझाव दिइएको थियो। तर पनि सम्पन्न वा सुरु हुनुपर्ने माइलस्टोनमध्ये ३५ वटा माइलस्टोन पर्याप्त बजेट व्यवस्थापन हुन नसकेको वा स्रोत सुनिश्चितता नभएको कारणवाट प्रभावित भएको देखिएको छ।

- कार्यान्वयन गर्ने निकायको प्रयासले मात्र सम्पादन हुन नसक्ने कार्यहरूमा अन्तरसम्बन्धित निकायहरूको सहयोग आवश्यक पर्दछ। राय सहमति प्राप्ति मा ढिलाइ, समन्वयको अभाव, EIA/IEE स्वीकृतिमा ढिलाइजस्ता अन्तर तह/मन्त्रालय/निकाय समन्वय र स्वीकृतिमा विलम्ब हुँदा ३५ वटा माइलस्टोन प्रभावित भएका छन्।

- कर्मचारीको अभाव हुनु, नेतृत्व परिवर्तन हुनु जस्ता कारणबाट २३ वटा माइलस्टोनले लक्ष्य प्राप्त गर्न नसकेको देखिएको छ।

- असोजको दोस्रो साता भएको अत्यधिक वर्षा र सोको कारण उत्पन्न बाढी पहिरो जस्ता प्राकृतिक विपद्का कारण १६ वटा माइलस्टोनले लक्ष्य प्राप्त गर्न नसकेको देखिएको छ।

- कार्यक्रमको पुनःसंरचना/पुनः प्रक्रिया आरम्भ गर्नु परेका कारण १५ वटा, विवाद तथा प्रक्रियागत जटिलताका कारण १३ वटा, स्थान छनोट/जग्गा प्राप्ति नभएका कारण १४ वटा, कानुन तर्जुमा/संशोधन हुन नसकेको ३ वटा, निर्माण सामग्रीको अभावका कारण ३ वटा माइलस्टोनले तोकिएको लक्ष्य प्राप्त गर्न नसकेको देखिएको छ।

- लक्ष्य प्राप्त गर्न नसक्नुको प्रष्ट कारण उल्लेख नगरिएका वा त्रुटीपूर्ण प्रतिवेदन गरिएका वा सम्बन्धित विषयमा प्रतिवेदन नै नगरिएकाले प्रारम्भ हुन नसकेका भनी वर्गीकरण भएका माइलस्टोनको संख्या १७ रहेको छ।

## ८. सुझावहरू

माथि उल्लेखित तथ्याङ्क एवम् विश्लेषण समेतबाट मन्त्रालय/निकायहरूले मुख्यतः निम्न विषयहरूमा ध्यान दिएमा कार्यसम्पादनलाई थप नतिजामुखी र परिणाममुखी बनाउन सक्ने देखिन्छः

- आर्थिक वर्षको प्रारम्भमा नै वार्षिक खरिद योजना बनाई लागु गर्ने, लागत अनुमान तयार गर्ने, बोलपत्रसम्बन्धी कागजात तयार गरी बोलपत्र आह्वान गर्ने, कार्यक्रम सञ्चालन कार्यविधि वा सञ्चालन ढाँचा तयार गर्ने, अध्ययन तथा अनुसन्धान जस्ता पूर्वतयारीका कार्यहरू समयमा नै सम्पन्न गर्नुपर्दछ। तोकिएको समयमा कार्य सम्पन्न हुन नसक्नाले पछाडि कार्यबोझ थपिने हुँदा त्यस्ता कार्यहरूलाई वैकल्पिक कार्ययोजना तयार गरी मूल कार्ययोजनामा असर नपर्ने गरी सम्पन्न गर्नुपर्दछ।
- आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ ले व्यवस्था गरेको राष्ट्रिय आयोजना बैंकको कार्यान्वयनलाई सुदृढ गर्नुपर्ने देखिएको छ। मन्त्रालय तथा निकायहरूले वार्षिक कार्यक्रमका रूपमा प्रस्ताव गर्ने कार्यक्रमहरूको स्वीकृतिको चरणमा नै स्रोत सुनिश्चितता गर्ने तथा स्रोत सुनिश्चितता/व्यवस्था नभएका तथा सम्भाव्यता अध्ययन, वातावरणीय अध्ययन, स्थान छनोट र जग्गा प्राप्ति जस्ता पूर्वतयारी सम्पन्न नभएका आयोजना तथा कार्यक्रमहरूमा बजेट विनियोजन गर्ने परिपाटीको अन्त्य गर्नुपर्दछ।
- बजेटमा घोषणा भएको विषयमा सम्बन्धित निकायले आवश्यक स्रोतको व्यवस्था गर्नु पर्दछ वा स्रोत सुनिश्चितता हुने गरी कार्य अगाडि बढाउने सहमति प्रदान गर्नुपर्दछ। कार्यान्वयनका लागि स्रोत उपलब्ध नहुने अवस्थाको अन्त्य गर्न स्रोतको पूर्व मूल्याङ्कन गरेर मात्र कार्यक्रम कार्यान्वयनमा लैजान उपयुक्त हुन्छ।
- स्रोत सुनिश्चितता र कम बजेटको समस्यालाई न्यून गर्न बजेट निर्माण गर्दा सर्वप्रथम अनिवार्य दायित्वको रकम भुक्तानी गर्न र विकास सहायताका कार्यक्रम तथा मुख्य प्रभाव पार्ने क्रमागत कार्यक्रमका लागि आवश्यक रकम छुट्याउनुपर्दछ। त्यसपछि मात्र नयाँ प्रस्ताव गरिएको प्राथमिकता प्राप्त आयोजना कार्यक्रममा रकम विनियोजन गर्नुपर्दछ। मध्यमकालीन खर्च संरचनाको प्रभावकारी कार्यान्वयन, बजेट अवण्डा राख्ने प्रवृत्तिमा नियमन, रकमान्तर, बजेट रोक्का तथा समर्पणजस्ता विषयहरूमा वित्तीय अनुशासन कायम गर्दै निरन्तर सुधार गर्नुपर्दछ।
- वर्षात् वा महामारीको समयमासमेत आयोजना/कार्यक्रम स्थलमा नगई कार्यालयबाट सञ्चालन गर्न सकिने क्रियाकलापको आधारभूत विषयहरू आर्थिक वर्षको सुरुका महिनामै सम्पन्न गरी स्थलगत रूपमा कार्यक्रम कार्यान्वयन गर्नुपर्ने समयमा कार्यचाप कम गर्दै कार्यान्वयन प्रभावकारिता अभिवृद्धि गर्नुपर्छ।

- आयोजनाको निश्चित लक्ष्य हासिल नहुँदासम्म आयोजना प्रमुखको सरुवा नगर्ने, खरिद/निर्माण सम्वन्धी कानुनी व्यवस्थालाई व्यवहारिक वनाउने, छनोट भएका सवै आयोजनाको प्रभावकारी अनुगमन गर्ने र आयोजनाको कार्यान्वयनमा बाधा पुगेको देखिए तत्काल त्यसको सम्बोधन गर्ने गरिएमा आयोजना समयमै सम्पन्न गर्न सहयोग पुग्ने देखिन्छ।

- अन्तरतह/मन्त्रालय/निकायसँगको समन्वय प्रभावकारी नहुँदा २७ वटा माइलस्टोनले लक्ष्य प्राप्त गर्न नसकेको देखिन्छ। सम्वन्धित निकायबाट माग गरिएका राय सहमति आदि समयमै प्राप्त नहुनु, स्वीकृत/संशोधन हुनुपर्ने विषयहरू समयमै नहुनु, अन्य निकायवाट सहमति प्राप्त नहुने आदि कारणले समेत कार्यक्रमहरू प्रभावित भएको देखिएकोले प्रचलित ऐन/कानुनमा व्यवस्था भएका समन्वयकारी संयन्त्रलाई थप क्रियाशील गराउने र समन्वयको तहगत व्यवस्था गरी अन्तरतह एवं अन्तरनिकाय समन्वय प्रभावकारी बनाईनु पर्दछ।

- स्थान छनोट तथा जग्गा प्राप्ति मा देखिएका प्रक्रियागत ढिलाइका कारण समीक्षा अवधिमा १० वटा माइलस्टोन प्रभावित भएका छन्। यस्तो समस्या विगतदेखि नै दोहोरिरहेको अवस्था छ। आयोजना छनोट गर्दा स्थानको समेत निक्यौंल नगरी आयोजना छनोट हुने गरेकोले विकास व्यवस्थापनको अत्यन्त कमजोर अवस्थालाई दर्शाउँछ।

- मन्त्रालयले समस्या समाधानका लागि गरेका प्रयासहरू एवम् मातहतका निकायहरूलाई दिएका निर्देशनहरूको जानकारी माथिल्लो तहबाट अनुगमन गर्ने निकायहरू (जस्तैः प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, अर्थ मन्त्रालय, राष्ट्रिय योजना आयोग आदि) लाई जानकारी दिनु उपयुक्त हुन्छ। यसबाट विषयवस्तुका सन्दर्भमा माथिल्लो निकायमा समेत जानकारी हुने तथा सो सम्वन्धमा एउटै बुझाइ रहने र संस्थागत अभिलेखसमेत रहन्छ।

- आयोजना/कार्यक्रम कार्यान्वयनमा देखिएका सम्वन्धित निकायबाट समाधान हुन नसक्ने समस्याहरूलाई यस कार्यालयको तत्काल समस्या समाधान तथा विपद् समन्वय शाखा एवम् सम्वन्धित विषयक्षेत्र हेर्ने महाशाखा/शाखामा जानकारी गराई समस्या समाधानको पहल गर्नुपर्दछ।

- सार्वजनिक व्यवस्थापन र सुशासनको क्षेत्रमा तत्काल सुधारको कार्ययोजना बनाई कार्यान्वयनमा लैजाने र वित्तीय व्यवस्थापनमा मौजुदा कानुनी व्यवस्थाको कडाइका साथ कार्यान्वयन गर्नुपर्दछ।

- कार्यजिम्मेवारी निर्धारण गर्दा कार्यसम्पादन एवम् नेतृत्व मूल्याङ्कन गरी नतिजामा आधारित कार्यसम्पादन प्रणालीलाई संस्थागत गर्नुपर्दछ।